जन आकाश

Jana Aakash National Weekly

राष्ट्रिय साप्ताहिक

वर्ष-१२ , अंक- १२, २०७६ साल कार्तिक २६ गते मंगलबार (Nov, 12, 2019) www.janaakash.com.np मुल्य रु १०।-

**जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित**

www.janaakash.com.np

अनलाइन सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।

सम्पर्कः ४१६७५७८ (बागबजार)

मोबाइलः ९८६१५८८४५६

Email: jana.news2065@gmail.com


हाम्रो आगामी अंक कार्तिक १९ गते प्रकाशित हुनेछ ।

# सत्तारुढ दलको कुटनीति फितलो

## सबै दल राष्ट्रियताको पक्षमा

मोहन पोखरेल/सुरेश कुमार अधिकारी

काठमाडौं । राजनीतिक दलहरुको कुटनीतिक क्षमता नभएका कारण छिमेकी मित्र राष्ट्रहरुसँगको सम्बन्ध दिन प्रतिदिन विग्रदै गएको छ । यही मौका उठाएर भारतले नेपालमाथि आफ्नो हैकम जमाएको छ । देशका धेरै भूभाग भारतीय अतिक्रमणमा परेका छन् । उत्तरी चीन तर्फका सिमा नाकाहरुमा पनि समस्या नभएका होइनन् तर, भारतको जत्तिको समस्या छैन । उत्तरी नाकाको त्रिपन्न ठाउँका पिल्लर ठिक ठाउँमा नभएको पनि यसै बेला समाचार आएको छ । नापी विभागका गलत नाप, नक्सा र हेलचेक्र्याइका कारण नेपाल तर्फका साना तिना भूभाग चिनतर्फ पर्न गएको र सरकारले आज सम्म चीनसँग समस्या समाधानका लागि कुनै कुटनीतिक पहल नगरेको पनि कतिपय विज्ञहरुले उठाएका छन् । यतिबेला भारत चिन दुबैतर्फ नेपालको भूभाग कहाँ कति परे भनेर नेपालीहरुले व्यापक रुपमा खोजि गरिरहेका छन् । त्यसमध्ये चिन र भारत मध्ये भारतले




नेपालमाथि यतिखेर निकै आक्रामक तरिकाले हस्तक्षेप तरिका अपनाई नेपालमाथि तिब्र सिमा अतिक्रमण गर`को छ ।

सन् १९६२ देखि नै नेपालका सिमावर्ती क्षेत्रमा भारतले अतिक्रमण गर्दै आएकोमा यतिखेर सबै राष्ट्रलाई अवगत हुने गरी नेपालका भूभाग भारतले आफ्नो नक्सामा पारेको छ । कालीनदीको वहावलाई अन्यत्रै मोडेर लिपुलेकदेखी लिम्पियाधुरा हुँदै कालापानीसम्मको ठुलो नेपाली भूभाग भारतले आफ्नो भूभाग भन्दै नक्सामा समेटेपछि नेपालका नक्सा खुम्चिएको छ र भारतीय अतिक्रमण विरुद्ध नेपाली जनता आन्दोलनमा उत्रेका छन् । सत्तारुढ दल तथा सबै राजनीतिक दलहरु, तिनीहरुका भातृ संगठनका साथै स्वाभिमानी नेपाली जनता अतिक्रमणका विरुद्धमा दह्रोसँग उत्रेका छन् । यतिखेर कुनै पार्टी, दल भन्दा माथि उठेर सबै नेपाली जनताहरु देशभक्ति आन्दोलनको मोर्चामा गोलबद्ध भएका छन् । देशभरी भारतीय अतिक्रमणका विरुद्ध जनताले नाराबाजी गरेका छन् । आन्दोलनको तेज तिब्र गतीमा अघि बढेको छ ।

नेपालमा भारत विरुद्धको प्रदर्शन तिब्र भएपछि दिल्लीमा नेपाल मामिला हेर्ने डेस्कले नेपालको संघीय शासनप्रणाली, धर्म निरपेक्षताका साथै नेपालका नेता, सरकार र यहाँको राजनीतिक वस्तुस्थितिका कारेमा छलफल चलाइरहेको बुझिएको छ । विश्वस्त सुत्रबाट प्राप्त भए अनुसार भारतीय विदेश मन्त्रालय (साउथ ब्लक)मा भएको एक विशेष समारोहमा प्रधानमन्त्री नरेन्द्र मोदी, प्रबुद्ध भारतीय नेताहरुका साथै प्रतिपक्ष दलका नेता तथा शिव सेनाका प्रमुख समेतले भारतीय नक्सामा पारिएको भनिएको नेपाली भूभाग भारतकै भएको र अव यो कुनै हालतमा पनि दायाँबायाँ नहुने

बाँकी ८ पृष्ठमा

# युथ क्लब नारायणगढको २४औं पदस्थापना कार्यक्रम सम्पन्न

सुरेश कुमार अधिकारी 'मित्र'


चितवन । २०३५ सालमा तत्कालीन समयका युवाहरुको केही समूह मिलि बजारमा हुने गरेको कालाबजारी विरुद्ध आवाज उठाउँदै २०३६ सालमा एउटा संस्थाको रुपेरखा तैयार पारी २०३९ सालमा विधिवत रुपमा दर्ता भई सन्चालन भएको युवा क्लब नारायणगढले २३औं कार्य समितिको अवधि पुरा गरी २४ औं




पदस्थापना गर्न सफल भएको छ । यही २०७६ कार्तिक २३ गते सन्ध्याकालिन समयमा भएको पदस्थापना (पद हस्तान्तरण) कार्यक्रममा प्रमुख अतिथि कानून तथा न्याय व्यवस्थापन समितिका संयोजक (अध्यक्ष) माननीय सांसद कृष्णभक्त पोखरेलको बाहुलीबाट पानसमा दियो बाली समुद्घाटन गर्नु भएको उक्त कार्यक्रमलाई सम्बोधन गर्दै गैर सरकारी संस्थाहरुलाई सरकारले नियमन गर्नुपर्ने भएको तर अप्ठ्यारोमा पार्न नखोजेको टिप्पणी गर्नुभयो । सोही क्रममा गैर सरकारी संस्था महासंघ जिल्ला शाखा चितवनका अध्यक्ष सुरेश कुमार अधिकारीले सरकारले ल्याउन लागेका नयाँ विधेयक धेरै गैरसरकारी संस्थाहरु विलय भएर जाने चिन्ता व्यक्त गर्दै सबै गैरसरकारी संस्थाहरु गोलबद्ध भएर सरकारलाई एउटा बुलन्द आवाज उठाउनु पर्ने विषयमा जोड दिनुभयो । बाँकी ८ पृष्ठमा

# नेपालको भू–भाग फिर्ता गराउन सरकारले तत्काल सक्रिय कदम चालोस्

काठमाडौं । सत्तारुढ दल नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का स्थायी समिति सदस्य तथा पूर्व उपप्रधानमन्त्री भीम बहादुर रावलले लिम्पियाधुरा, लिपुलेक र सुस्तालगायतका कालापानी क्षेत्रका भू-भाग नेपालकै भएकोले त्यो फिर्ता गर्न सरकारले तत्काल सक्रिय कुटनीतिक कदम चाल्नुपर्ने बताएका छन् । नेपालको भौगोलिक अखण्डता सुदृढ बनाउनको लागि प्रधानमन्त्री केपी शर्मा ओलीले डाकेको सर्वपक्षीय बैठकमा राष्ट्रिय सहमति जुटेको र सरकारलाई ठूलो शक्ति प्राप्त भएको उनको भनाई छ ।





पत्रकार सम्मेलनमा बोल्दै उनले सिमा विवादबारे भारतसँग स्पष्ट अडान र दृष्टिकोणसहितको तत्परताले नेपाल सरकारले वार्ता गर्नुपर्छ भन्ने कुरा हिजोको बैठकमा सहमति भएको सुनाए । उनले भने,'नेपालको भौगोलिक अखण्डताको पक्षमा संसदमा प्रतिनिधित्व गर्ने दलहरुले सम्भवतः ईतिहासमै पहिलोपटक एकै स्वरमा प्रतिबद्धता जनाएका छन् । संगठित रुपमा हामीले कुरा राखेका छौं । यसले सरकारलाई भारतसँग वार्ता गर्नको लागि थप शक्ति प्राप्त भएको छ । यो सरकारका लागि अवसर पनि हो । अहिले भारत र नेपाल दुवैतर्फ शक्तिशाली सरकार छन् । अहिलेसम्म नेपाल-भारत सम्बन्धमा रहेका प्रश्नहरुको उत्तर खोज्ने यो उपयुक्त अवसर हो । सरकारले सक्रिय पाईला चालोस भन्ने मैलेपनि राय दिएको छु।'

नेता रावलले भारतसँग सिमा विवादबारे वार्ता गर्न अहिलेको अवसरलाई सरकारले उपयोग गर्नुपर्ने धारणा राखे । उनले भने,'मैले हिजो बैठकमापनि भनेको छु, कालापानी,सुस्तालगायतका सीमा क्षेत्रको विवाद समाधान गरी त्यसमा नेपालको सार्वभौमसत्ता स्थापित गरेर मात्र नेपाल-भातरको स्ट्रिप नक्शाबारे टुँगो लगाईनुपर्छ । त्यतिमात्रै होईन नेपाल सरकारको तर्फबाट नेपाल र भारतकाबीच सीमा क्षेत्रमा रहेका समस्या तथा तिनको समाधानबारे ठोस धारणासहित सम्पूर्ण तथ्य व्यवस्थित् पारिनुपर्छ र त्यसको आधारमा सीमा क्षेत्रको नापीमा संलग्न कर्मचारीहरुलाई निर्देशन दिईनुपर्छ । यस सन्दर्भमा नापी विभागमा उच्च मनोबल, दक्ष तथा देशको भौगोलिक अखण्डताको लागि दृढताका साथ काम गर्ने प्रवृत्तिका कर्मचारीहरुलाई जिम्मेवारी दिईनुपर्छ ।'

रावलले नेपाल र भारतको सीमा क्षेत्र (विशेषगरि लिम्पियाधुरा, लिपुलेक र सुस्तासहितका क्षेत्रमा नेपालको

बाँकी ८ पृष्ठमा




# कास्कीबाट अर्को हिरा जन्माउने उद्घोष

काठमाडौं । नेपाल कम्युनिस्ट पार्टी (नेकपा)का केन्द्रीय सदस्य भिम कार्कीले नेपाली राजनितिमा कास्की बाट अर्को हिरा जन्माउने उद्घोष गरेका छन् । कार्कीले कास्की २ को उप-निर्वाचनमा नेपाल कम्युनिस्ट पार्टी (नेकपा)को तर्फबाट उम्मेदवार रहेकी बिद्या भट्टराई अत्याधिक मतले जिताएर समृद्ध कास्की निर्माणमा अभियन्ता बनाउने बताएका हुन् ।

कार्कीले देश निर्माणमा नेकपाको सरकारद्वारा गरिएको कामको चर्चा गर्दै बिगतमा रबिन्द्र अधिकारीको बिरासतलाई झन् उच्च बनाउन बिद्या भट्टराई निर्विकल्प उमेदवार भएको जिकिर गरे । कार्कीले सो कुरा पोखरा महानगरपालिका वडा नं. ३३, भरतपोखरीस्थित नेपाल कम्युनिस्ट पार्टी (नेकपा)को निर्वाचन परिचालन कमिटिको कार्यालय उद्धाटन गर्दै सो कुरा बताएका हुन् । कार्यक्रममा नेकपा जिल्ला कमिटी सदस्य सृजना त्रिपाठी राष्ट्रिय यूवा संघका केन्दीय सदस्य माधव बास्तोला, अनेरास्वबियुका केन्द्रीय उपाध्यक्ष, वडा अध्यक्ष शिब प्रसाद आचार्य, नेकपा ३३, का संगठन बिभाग प्रमूख मनोहर आचार्य, बिश्वेश्वर



हरामी सचिव गोपाल पुन लगायतले मन्तब्य ब्यक्त गरेका थिए । नेकपा पोखरा ३३, का अध्यक्ष गुरु प्रसाद क्रान्तिकारीको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो ।

'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'– *मोहन कार्की*

## सम्पादकीय

# ढिला गर्नु हुँदैन, रात छिप्पिइसकेको छ

सिमा अतिक्रमण भएदेखि नै सरकारले भारतसँग कुटनीतिक पहल जारी राखेको भए नेपालले यस्तो अवस्था भोग्नुपर्ने थिएन । एक अर्कालाई दोषारोपण गर्दै कलहको विऊ रोप्नु भन्दा समझदारीको माध्यमबाट नै समस्या हल हुने उत्तम विकल्प हो । यस्तो कुटनीतिक चातुर्यता पंचायतकालिन सरकार र दलिय सरकारले देखाउन सकेनन् । पंचायत शु भएको करिव एक वर्ष पछि अर्थात २०१८ सालमा भारतीय सुरक्षाकर्मीको चेकपोष्ट बस्यो कालापानीमा । पछि विस्तार गर्दै भारतले आफ्ना सुरक्षाकर्मीको संख्या बढाउँदै लगेको हुँदा हुँदा ०७६ सालसम्म आइपुग्दा भारतले कालापानी सहित लिम्पियाधुरा र लिपुलेक समेत ख्वात्तै निल्दै आफ्नो नक्सामा सामेल गरायो । यस प्रवृत्तिलाई सानो देश नेपाल प्रतिको हेपाहा प्रबृत्ति मात्र नभएर सिक्किमी करणको नयाँ शैली भारतले प्रस्तुत गरेको प्रष्टसँग देख्न सकिन्छ ।

भारत र पाकिस्तानको युद्धताका राजा महेन्द्रले भारतीय सेनालाई केही समयका लागि भन्दै कालापानी क्षेत्रमा अस्थायी पोष्ट राख्न अनुमति दिएको र युद्धको अन्त्य भएसँगै भारतीय सेना कालापानीबाट हट्नु पर्नेमा नहटी अझै मजबुद किसिमले सुरक्षा बन्दोबस्त गरी बसेर भारतीय सेना हटाउने पहल सरकारले नगरेका कारण यस्तो दुःख लाग्दो नतिजा नेपालीहरुले बेहोर्नु परेको छ ।

नगुम्नु पर्ने भूभाग गुमेको छ । यसलाई फिर्ता ल्याउन पनि कठिन छ किनकी भारतले नयाँ नक्सालाई आफ्नो आधिकारिक नयाँ नक्सा भनेको छ । जतिसुकै कुटनीतिक बल प्रयोग गरे पनि र जतिसुकै प्रमाण जुटाएर प्रस्तुत भए पनि भारतसँग गुमेको भूमि फिर्ता लिन महाभारत सावित हुने डरलाग्दो स्थिति छ । किनकी राजतन्त्रको महेन्द्रकालिन युगमा नभएको प्रगति घुसखोरी र भ्रष्टाचारी प्रबृत्ति भएका हाम्रा दलीय नेतासँग भूमि फिर्ता लिने क्षमता छैन । ६० वर्ष पछिसम्म पनि यस्ता घटना ज्युँकात्यूँ रहनुले नेपाल सरकारको कूटनीतिक असमर्थतालाई राम्रोसँग प्रष्ट्याउँछ ।

तर हिम्मत हार्नु हुँदैन भन्ने मान्यता सत्तारुढ पार्टी तथा अन्य सबै पार्टीका नेतामा रहनु पर्दछ । अब ढिला गर्नु हुँदैन, रात छिप्पिइसकेको छ र अग्राख पनि पलाइसकेको छ । थप दुर्दशा हुन नदिन कटिबद्ध भएर लाग्नुपर्ने बेला छ । किनभने सिक्किमीकरणको नयाँ मिनी शैली नेपालमा प्रस्तुत भइसकेको छ । नयाँ लेन्डुप दोर्जेको नेपालमा खोजी भइसकेको जस्तो देखिएको छ । "होली वाइन" खाएर एकलाख डलर पुरस्कार लिएजस्तो गरी करोडौं, अर्बौं धनराशीमा भारतले नयाँ लेन्डुपको खोजी नगर्ला भन्न सकिन्न । "सबैलाई चेतना भया ।"

# मिर्गौला पीडित प्रधानमन्त्री र त्यससँग जोडिएका प्रश्न

**मोहन पोखरेल**

**प्रधानमन्त्री केपी ओलीलाई जस्तै गरी अरु सर्वसाधारण नेपाली पनि मिर्गौला पीडित भएका छन् । औषधी उपचारको अभावमा कतिपय सर्वसाधारणको मृत्यु भएका दुःखद खबर पनि छन् । सरकारले निःशुल्क डायलासिसका साथै निःशुल्क औषधी उपचारको व्यवस्था गरेपनि त्यस्तो अवस्थाबाट बन्चित हुनु परेको यथार्थता हामी सामु छर्लङ्ग छ । सरकारी पहुँचमा नपुगेका कतिपय विरामीलाई डायलासिस र औषधी वापतको खर्च झण्डै मासिक झण्डै ७०-७५ हजारको हाराहारीमा पुग्ने भएकाले आर्थिक अभावका कारण बिरामीको मृत्यु हुने गरेको डरलाग्दो तथ्यांक छ ।**



प्रधानमन्त्री के.पी. शर्मा ओली मिर्गौलाको समस्याबाट पुनः ग्रसित भएका छन् । दुई दुईपटक सिंगापुर अस्पतालबाट उपचार गरेर आएता पनि उनको स्वास्थ्य अवस्थामा सुधार आएको छैन । प्लाज्मा थेरासिस गरेर मिर्गौलामा रहेको एण्डीबडी हटाइएता पनि क्रियटिनीन्को मात्रा बढिरहेकोले समस्या देखिएको हो । अचानक स्वास्थ्यमा गडबड भएपछि ग्राण्डी अस्पताल पुगेका प्रधानमन्त्रीलाई डाक्टरहरुले डायलासिस गराएका थिए । हप्तामा तिनपटकसम्म डायलासिस गर्नुपर्ने सुझाव डाक्टरले प्रधानमन्त्रीलाई दिएका छन् । यसको विकल्पमा मिर्गौला प्रत्यारोपण पनि गर्न सकिने डाक्टरहरुको सुझाव रहेको छ ।

रिपोर्ट आइसकेपछि नियमित डायलासिस या प्रत्यारोपण मध्ये कुन विकल्प रोज्ने भन्ने प्रधानमन्त्री मै निहीत रहने भएकाले यस सम्बन्धी आवश्यक सरसल्लाहका लागि बालुवाटारमा नियमित बैठक चलिरहने बताइएको छ । प्र.म. ओलीको मिर्गौला प्रत्यारोपण गरिएको अस्ती ठ्याक्की १२ वर्ष पुगिसकेको छ । साधारणतया मिर्गौला प्रत्यारोपणको अवधि ७ वर्षको डेट लाइन मात्र हुने भएकोले यस विचमा डेट एक्स्पायर्डको समस्या देखिएको हो ।

शरीरले अर्कैको मिर्गौला हो भनेर चिनिसकेको अवस्थामा एण्टीवडी उत्पादन हुने र क्रियाशिलको मात्रा बढी रहने हुँदा प्रधानमन्त्रीका लागि मिर्गौला प्रत्यारोपण नै पहिलो विकल्प हुनेमा कतिपय डाक्टरहरुको एकमत छ । किनभने अर्कै व्यक्तिको मिर्गौला प्रत्यारोपण गरिएको डेटलाइन कटिसकेपछि त्यसैलाई नियमित डायलासिस गरिरहनु भन्दा प्रत्यारोपण नै सरल उपाय रहेको कतिपय चिकित्सकहरुको भनाई छ । अव पुनः प्रत्यारोपण गर्दाको अवस्था कस्तो हुने भन्ने नै चिन्ताको विषय हो ।

प्रधानमन्त्री केपी ओलीलाई जस्तै गरी अरु सर्वसाधारण नेपाली पनि मिर्गौला पीडित भएका छन् । औषधी उपचारको अभावमा कतिपय सर्वसाधारणको मृत्यु भएका दुःखद खबर पनि छन् । सरकारले निःशुल्क डायलासिसका साथै निःशुल्क औषधी उपचारको व्यवस्था गरेपनि त्यस्तो अवस्थाबाट बन्चित हुनु परेको यथार्थता हामी सामु छर्लङ्ग छ । सरकारी पहुँचमा नपुगेका कतिपय विरामीलाई डायलासिस र औषधी वापतको खर्च झण्डै मासिक झण्डै ७०-७५ हजारको हाराहारीमा पुग्ने भएकाले आर्थिक अभावका कारण बिरामीको मृत्यु हुने गरेको डरलाग्दो तथ्यांक छ । मिर्गौलाले काम गर्न छाडेपछि डायलासिस या प्रत्यारोपण मध्ये एक विकल्प रोज्नुपर्ने भएकाले डाक्टरले उचित सल्लाह बिरामीलाई दिनुपर्ने हुन्छ । फेल भइसकेको वा लास्ट स्टेजमा पुगिसकेको मिर्गौलालाई बारम्बार डायलासिस गरिरहँदा मिर्गौलाका अंग थप नकाम हुने र आखिरीमा बिरामीको मृत्यु हुने अवस्था आउँछ । यस्तो अवस्थामा प्रत्यारोपण नै उत्तम विकल्प हो । पेरिटोनियल र हेमोडायलासिस यी दुबै प्रकारका डायलासिस गर्दा सरकारले निःशुल्क उपचारको व्यवस्था गरे पनि बिरामीले त्यस्तो सहुलियत पाउन सकेका छैनन् । सरकारले प्रत्यारोपणका लागि रु. ५ लाख ५० हजार सम्मको व्यवस्था गरेपनि त्यो यथार्थमा लागु हुन नसक्दा बिरामी थप मर्कामा परेका हुन् । औषधी खर्च वापत मासिक ३६ हजारको हाराहारीमा बिरामीले अस्पताललाई बुझाउनु पर्ने हुन्छ ।

सरकारले विगत ४ वर्षयता यस्तो सुविधामा कटौती गर्दै गएकाले मिर्गौला पीडित बिरामीमा ठुलो मार पर्न गएको छ । त्यसैले आउँदा बर्षहरुमा बिरामीको अकालमा मृत्यु नहोस् र सबै नेपाली नागरिकमा स्वासथ्यको पहुँच पुगी उपचार प्रक्रिया बलियो बन्दै गरोस् भन्ने अहिलेको प्रमुख चासोको बिषय हो । अन्तमा स्वयम् देशको प्रधानमन्त्री नै मिर्गौला रोगी भएकाले आफूलाई जस्तो समस्या परेको छ, सबै नेपाली नागरिकमा यस्ता समस्या झेल्नु नपरोस भन्ने सोच प्रधानमन्त्रीमा पलाउनु पर्दछ । तव मात्र मिर्गौला पीडित बिरामीले राहतको महशुस गर्नेछन् ।

# बाख्राको उत्पादन र सुधारका उपाय

**- डा.श्रीभगवान् ठाकुर**

**परिचयः**

नेपालमा धेरैजसो कृषकहरूको जीविकोपार्जन पशुपालनमा निर्भर रहेको छ । विशेष गरी तराई र पहाडमा गरीब कृषकहरू ३ देखि ४ वटा बोका बाख्राहरू पालेर गरी जीविका चलाई रहेका हुन्छ । तिनीहरूले बोकालाई खसी बनाएर, तथा पाठापाठी बिक्रीगरी आफ्नो गर्जो टार्ने गर्दछ । बाख्रालाई गरीवको गाई पनि भनिन्छ । तराई मधेशमा बाख्राहरू प्रायःखुल्ला चरीचरणमा, परम्परागत तथा अव्यवस्थित तरीकाले पालनगर्दा नश्लको क्षमता अनुसार उत्पादन लिन सकि रहेको अवस्था छैन । परम्परागत तरीकाको बाख्राको खोरमा चिसो, घाम, वर्षा, छाँया, हावा, प्रकाशको समुचित व्यस्थापन नभएकोले बाख्रालाई थप तनाव हुनगई बाख्राको उत्पादन घट्नुका साथै रोग व्याधिबाट समेत ग्रसितहुने गरेका छन् । प्रायः तराई मधेशमा बाख्रालाई बर्षा र शितलहरीले विभिन्न किसिमका रोगहरू लागेर मृत्यू हुने गर्दछन् । यस परिप्रेक्ष्यमा बाख्राको खोर सुधार गरी जलवायु समानूकुलित खोरनिर्माण अति आवश्यक रहेको छ । बाख्राको खोर बनाउँदा जलवायु परिवर्तनका असर न्यूनीकरण तथा अनुकूलन हुने समेत देखिएको छ ।

**महत्वः**

बाख्राको खोर सुधार गर्दा जलवायु परिवर्तनको असर न्यून गर्न सकिन्छ । बाख्राको उत्पादनका महत्वपूर्ण ४ खम्बाहरू (खोर, नश्ल, आहारा र स्वास्थ्य) मध्ये खोर व्यवस्थापन प्रमुख हुन् । परम्परागत खोर अँध्यारो, सूर्यको प्रकाश नपर्ने, चिसो भएकोले उपियाँ, जुम्रा, तथा सुलसुले जस्ता बाह्य परजिवीको आक्रमण तिब्र हुनुका साथै संक्रामक रोगका जीवाणु, विषाणु तथा ढुसीको बृद्धिविकास तिब्र भई बाख्राहरू विरामीभई रहन्छ । हावा नखेल्ने खोर बाफिलो, दिसा पिसावले दुर्गन्धित र चिसो हुने भएकोले श्वास प्रश्वास संबन्धि रोग (निमोनिया) ले बाख्राहरू विरामी पर्ने गर्दछन् । सूर्यको प्रकाशले रोगका जीवाणुहरू नष्ट हुनुका साथै पशुको शरीरमा विभिन्न प्रकारका भिटामिनहरूको निर्माण हुन्छ । खोरसुधारले बाख्राको सोत्तर, बडकौला र मूत्र व्यवस्थापन हुने र घाम, पानी, चिसो, हावाहुरी, वर्षा, असिना जस्ता तनावलाई घटाई र मौसमी तनावले हुन जाने रोगव्याधिमा कमी हुन्छ । यसबाट घाँस तथा दानाको उपभोगमा बृद्धि हने र आहारको प्रभावकारीता बढ्ने हुन्छ । फलःस्वरूप बाख्राको उत्पादनमा वृद्धि गर्न सकिन्छ ।

**ठाउँको छनौटः**

खोर ओभानो, सुखा तथा पानी नजम्ने खालको उच्च, समथर र कम्तीमा दिनमा ५-६ घण्टा सूर्यको प्रकास पर्ने, जोडसँग हावा नचल्ने तर हावाको आवागमन राम्रो भएको ठाउँको छनौट गर्नु पर्दछ ।

**खोरको लागि आवश्यक क्षेत्रफलः**

सुधारिएको खोरको आवश्यक लम्बाई चौडाई तथा उँचाईको विवरण तल उल्लेख गरिएको छ ।

**सुधारिएको खोरको नमूना**

खोर निर्माण गर्दा प्रति वयस्क बाख्राको लागि सरदर ६ वर्ग फिट ठाउँको आवश्यक्ता पर्दछ । खोरमा स्थानीय सामग्रीहरू काठ बाँसहरू प्रयोग गर्नु पर्दछ । खोर निर्माण गर्दा पहाडमा दक्षिण वा पूर्व र तराई मधेशमा उत्तर पश्चिम मोहडा पारी बनाउनु पर्दछ ।

खोर बनाउँदा चित्रमा देखाए अनुसार जमीनबाट ३ फिटको उचाईमा, ७ फिट लम्बाई र ६ फिट चौडाईको खोर बनाउदा सुहाउँदो हुन्छ ।

**खोरको भूईंक्षेत्र निर्माण विधिः**

खोरको भूँईक्षेत्र कडा, पानी नजम्ने र सफा गर्न सजिलो हुने ढंगबाट निर्माण गर्नु पर्दछ । त्यसको लागि सेमेन्ट, गिटिबाट ढलान गरेर वा ईटा छपाएर वा ढूँगा छपाएर वा चिम्टयाईलो माटोले खोरको भूईनिर्माण गर्नु पर्दछ । खोरको भूँईक्षेत्र निर्माण गर्दा निकाशतर्फ ३ प्रतिशतको भिरालो बनाएर पाईपको माध्ययमले पिसाव जम्मा हुने खाल्डोमा पुर्याउनु पर्दछ । जस्ले गर्दा भुई सफा हुनुका साथै मिथेन ग्यासको उत्सर्जन भई दुर्गन्ध हुदैंन ।

**खोरको टाँण निर्माण विधिः**

खोरको टाँड बनाउँदा आधा ईन्चको फरकमा काठको २ ईन्च चौडाई र आधा ईन्च मोटाईको फल्याक वा बाँसको भाटा बनाई किलाले ठोक्नु पर्दछ । यस्तो टाँड बनाई बाख्रापालन गरेमा कक्सिडियोसिस तथा फिते जुका कमलाग्ने गर्दछ । साथै १०-२० प्रतिशत मृत्यूदर घटेको पाईएको छ । गर्मीको तनाव घटाएर जिउँदो वजन ६०-७० ग्राम देखि ७८-८६ ग्राम प्रतिदिन बढोतरी हुन सक्दछ ।

**खोरको छाना निर्माणः**

छाना बलियो टिकाउ पानी नचुहिने, तापक्रमको कुचालक तथा आकर्षक हुनु पर्दछ । छाना पानी नथामिने भिरालो हुनु पर्दछ । स्थान र मौसम अनुसार छाना १२ देखि ३५ डिग्रीसम्म भिरालो हुन सक्दछ । छाना खर तथा २५-२६गेजको वा ०.३२ एम.एम. जी. आई. जस्ताको हुनु पर्दछ । भिरालो छाना भएको खोरमा अग्लो भागतिर पर्खालको उँचाई ६ देखि ६.५फिट र बलेनीतिर ५ फिट उचाईको पर्खाल बनाउनु पर्दछ । गर्मीबाट बचाउन सकभर खरको छाना प्रयोग गर्न् पर्दछ अथ्वा जस्ता पाताका छाना भए माथिबाट खर १ईन्च बाक्लो गरी खर ओछ्याउनु पर्दछ । बढी तापक्रम हुने स्थानमा अर्धसधन विधि अर्थात आधाखुल्ला आधाबन्द विधिवाट बाख्रापाल्नु पर्दछ ।

**पर्खाल क्षेत्र र भेन्टिलेशनः**

खोरको पर्खाल मजबुत अर्थात बलियो हुनु पर्दछ । छेउको पर्खालमा ५ फिटसम्म काठको फल्याक वा बाँसको टाटी लगाएर माथि बाँकी भाग हावा आवागमनका लागी जाली वा सानो झयाल लगाउनु पर्दछ । पर्खाल बनाउन समस्या भए जस्ता पाताले घेरेको हुनु पर्दछ । चित्रमा देखाए अनुसार अग्लो पर्खालपट्टि १.५ फिटको लम्बाई चौडाईको पूर्व दक्षिण तिर भेन्टिलेशनको लागि झयाल बनाउनु पर्दछ । उच्च पहाडमा बाख्राको खोरलाई अग्लो बनाउनु हुदैंन ।

जाडोयाममा चिसोबाट बचाउन चित्रमा देखाए जस्तै ज्टको बोरा वा प्लाष्टिकले खोरलाई राती ढाक्नु पर्दछ र दिनमा घाम परेको बेला दोबारेर खोल्नु पर्दछ ।

गर्मीयाममातातो हुन नदिन झयालतथा भेन्टिलेशनखोलेर राख्नु पर्दछ ।

**खोरको ढोकाः**

खोर बनाउँदा ५ फिट फराकिलो र ३.३३ फिट उँचाईको ढोका बनाउनु पर्दछ । ढोका काठ वाबाँसको भरयाङ्ग हुने किसिमको माथिबन्द गर्ने खालको बनाउनु पर्दछ ।

**घाँस झुन्ड्याउने विधिः**

खोर बनाउँदा खोर भित्र बीचमा ३.३३ मिटर उचाई भएको बाँस वा काठको लठीको कस गरी घाँस राख्ने टाट्नो जस्तो बनाएर घाँस राखी खुवाउनु पर्दछ वा स्थानीय बुनेको जुट वा प्लाष्टिकको ठुलो प्वालभएको जालीमा राखी घाँस खुवाउनु पर्दछ जसले घाँस खेर नगई बढी सदुपयोग हुन्छ ।

**पानीको व्यवस्थापनः**

बाख्राको लागि सफा, गन्ध नभएको, आरसेनिक नभएको पानी खुवाउनु पर्दछ ।

**मल राख्ने खाडलः**

एक वयस्क बाख्रोबाट प्रतिवर्ष १३८ किलोसम्म बडकौला मल प्राप्त हुन्छ । बडकौलामा भएको पोषक तत्वलाई बचाउन, मिथेन ग्याँसको उत्सर्जन न्यून गर्न तथा दुर्गन्ध आउन नदिन खोरभन्दा अलि टाढा मल राख्नु पर्दछ । १० फिटलम्बाई ३.३३ फिट चौडाई र ३.३३ फिट गहिराईको खाल्डो बनाउनु पर्दछ । प्रति घन मिटर खाल्डोमा ७०० देखि १००० किलोसम्म अटाउँछ । अमोनिया तथा मिथेन ग्याँस उत्सर्जन हुन नदिन हप्ताको दुई पटक खोरमूनिबाट बडकौला तथा पिसाव सफा गरी खाल्डोमा राख्नु पर्दछ ।

**चुना छर्किनेः**

बाख्रामा लाग्ने विभिन्न रोग तथा कीरालाई व्यवस्थापन गर्न खोरको टाँडमा हप्ताको एक पटक चुन पाउडर छर्नु पर्दछ ।

**निश्कर्ष**ः जलवायु परिवर्तनले बाख्राको उत्पादन र उत्पादकत्वमा प्रत्यक्ष असर पारी उचित लाभ नभएको अवस्थामा दिगो कृषि तथा कृषक पेशालाई मर्यादित बनाउन प्रादेशिक सरकार एवं स्थानीय तह गाउँपालिका र नगर पालिकाले बाख्राको गोठ सुधारमा उचित रकम विनियोजन गरी गाउँघर सरसफाईका साथै कृषकहरूको आम्दानीमा बृद्धि गर्न सकिन्छ । ***(मधेश दर्पण फिचर सेवा)***

# मेलम्ची दुर्दसाः कारण र सुझाव

**मिलनजङ्ग कटुवाल**

इतिहासलाई फर्केर हेर्दा वि.सं २०४७ मा स्वर्गीय नेता कृष्णप्रसाद भट्टराईले सर्वप्रथम मेलम्ची आयोजनाको चर्चा गरेको भेटिन्छ । राजधानीका लागि पर्याप्त पानी भन्ने नारालाई नै आफ्नो चुनावी अभियानको मूल मन्त्र बनाउनुभएका नेता भट्टराईले चुनावका क्रममा ५ वर्षभित्र नै काठमाडौँमा मेलम्चीको पानी ल्याउन सकिने घोषणा गर्नुभयो । मेलम्चीबाट ल्याइएको पानी पिउन मात्रै नभई काठमाडौँका सडकसमेत पखाल्नका निमित्त पर्याप्त हुनेछ भन्दै प्रचारबाजी भयो ।

तर मेलम्चीबाट पानी ल्याउनु यथार्थमा त्यति सजिलो थिएन । बढ्दो जनसङ्ख्या र खानेपानीको चरम अभावलाई सम्बोधन गर्न मेलम्ची वा समानान्तर विकल्पको तुरुन्त खोजी गर्नुपर्ने आवश्यकता भने ठूलो थियो । उपत्यकावासीका लागि सर्वाधिक महत्त्वको मेलम्ची हाल जनता, सरकार र मिडिया सबैको चासोको केन्द्रबिन्दुमा रहेको छ । आयोजनाको पर्खाइमा यहाँका स्थानीयले झन्डै ३ दशकको लामो समय बिताइ सकेका छन् ।

देशको मुटुलाई सिञ्चित गर्ने राष्ट्रिय गौरवको आयोजनाको रूपमा विशेष महत्त्व दिइएको यस खानेपानी योजनालाई समयमै सम्पन्न गरेर त्यसको राजनीति लाभ उठाउन हरेक पटक आउने सरकारहरूबाट पनि प्रयास नभएको होइन । तर यति धेरै महत्त्वका बाबजुद आयोजनाले सहज निकास पाउनुको सट्टा झन् झन् अन्योलमामा फसिरहेको भेटिन्छ । यसले उपत्यकाको स्वच्छ भविष्य चहाने हामी सबै बीच, मेलम्ची नसकेर नआएको वा नचाहेर नल्याएको भन्ने ठूलो प्रश्न उब्जाएको छ । यस प्रश्नको उत्तर हामीले तुरुन्त खोज्नैपर्ने हुन्छ ।

सरकार र सरोकारवालाहरूको नजरमा नपरेका अन्य दर्जनौं राष्ट्रिय गौरवका परियोजनाको समेत नियति उस्तै छ । निर्माण सुरु गरिएका कुनै पनि योजनाले समयमा पूर्णता किन पाउन सक्दैनन् ? विकास निर्माणमा हुने यस प्रकारको ढिलासुस्तीले अर्थतन्त्र र समृद्धिको मुद्दालाई आखिर कसरी सम्बोधन गर्न सक्छ ?

**मेलम्ची आयोजनाको विकास**

सन् १९७३ देखि नै नेपाल सरकारले काठमाडौँमा खाने पानीको माग पूर्ति गर्ने उद्देश्यले विभिन्न सम्भावनाहरूको अध्ययन गर्न थाल्यो । काठमाडौँ उपत्यकाभित्र रहेका जलस्रोतको व्यवस्थापन, माथिल्लो बागमती जस्ता काठमाडौँ आसपासका अन्य जलस्रोतको सदुपयोग लगायतका विकल्पहरू उपलब्ध हुँदाहुँदै झन्डै २७.५ किमि लामो सुरुङ निर्माण गरी सिन्धुपाल्चोक स्थित मेलम्ची नदीबाट काठमाडौँसम्म खानेपानी ल्याउने गरी मेलम्ची योजनाको रूपरेखा कोरियो ।

वि.सं. २०५५ मा मेलम्ची खानेपानी विकास समितिको स्थापना भयो । सन् २००९ मा नेपाल सरकारले योजना निर्माणका लागि चिनियाँ कम्पनी चाइना रेल्वे १५ ब्युरो ग्रुप कर्पोरेसनलाई ठेक्का दिने निर्णय गर्यो । काम गरेको तीन वर्षपश्चात् सन् २०१२ सेप्टेम्बरमा भुक्तानीमा समस्या झेल्नुपरेको र समितिबाट समेत असहयोग भएको कारण औँल्याउँदै चीनिया कम्पनीले ठेक्का रद्द गर्ने निर्णय गर्यो । कम्पनीले तीन वर्षको अवधिमा जम्मा ६.५ कि.मि. सुरुङ मात्र खन्न सकेको थियो भने आयोजनामा अन्य कुनै उल्लेखनीय प्रगति भएको थिएन ।

सन् २०१३ मा सम्पन्न हुनुपर्ने योजनाको बाँकी काम पूरा गर्न सरकारले सन् २०१४ मा इटालियन ठेकेदार कम्पनी को-अपरेटिभा मुरातोरी एन्ड सिमेन्टिस्टी (सीएमसी) लाई निर्माण सप्पन्न गर्ने जिम्मा दियो । सन् २०१४ नोभेम्बरमा मात्रै सीएमसीले काम गर्न थालनी गर्यो ।

इटालियन ठेकेदारले सन् २०१४ देखि सन् २०१८ सम्मको ४ वर्षे अवधिमा तीव्र गतिमा काम गर्दै उल्लेखनीय प्रगति हासिल पनि गर्यो । हालसम्म योजनामा ९५५ भौतिक प्रगति भएको छ भने अब जम्मा ५५ काम मात्रै बाँकी रहेको छ ।

**इटालियन ठेकेदारसंगको विवाद**

सन् २०१५ मा नेपालमा गएको विनासकारी भूकम्पपछि आयोजनामा प्राविधिक जटिलताहरू थप भए । ठेकेदारले सरकार समक्ष समग्र खर्चमा हुन गएको वृद्धि बराबरको १ अर्ब ५७ करोड रूपैयाँ क्षतिपूर्तिको माग अघि सार्यो ।

विवाद समाधान समिति (डीएबी) ले उक्त मागको छिनोफानो गर्दै २०७६ कात्तिक ९ मा अन्तिम निर्णय जारी गर्यो । मेलम्ची खानेपानी विकास बोर्ड प्रमुख सूर्यराज कँडेल र खानेपानी मन्त्रालय सचिव गजेन्द्र ठाकुरलाई पत्राचार गरी जम्मा ३६ करोड रूपैयाँ पुस १ गतेभित्र कम्पनीलाई तुरुन्त भुक्तानी दिनु भनी निर्देशन दियो ।

तर बोर्डबाट त्यसको कुनै सम्बोधन भएन । ठेकेदारको पत्र मन्त्रालयबाट समेत बेवास्ता भयो । एक महिनासम्मको लामो पर्खाइपछि सीएमसीले मङ्सिर १८ मा अन्तिम सूचना जारी गर्दै दुई हप्ताभित्र भुक्तानी नपाए ठेक्का रद्द गर्न कम्पनी बाध्य हुने कुरा स्पष्ट पार्यो ।

**मेलम्चीको भविष्य**

आयोजनाको ठेकेदार इटालियन कम्पनी सीएमसीले छाडेर गएको बाँकी कामका लागि मन्त्रिपरिषद्द्वारा बिनाप्रतिस्पर्धा ठेक्का टुक्रे योजनाअन्तर्गत विभिन्न साना स्थानीय निर्माण कम्पनीलाई दिने निर्णय भएको छ । बाँकी पाँच प्रतिशत कामका लागि आयोजनाले मन्त्रिपरिषद्द्वारा दुई अर्ब ६३ करोड रूपैयाँमा बिनाप्रतिस्पर्धा ठेक्का दिने निर्णय गरिएको हो ।

**मेलम्चीमा देखिएका समस्या**

१. न्यूनतम बोलीमा ठेक्का : नेपाल सरकारको सार्वजनिक खरिद ऐन बमोजिम न्यूनतम कबोल गर्ने कम्पनीलाई ठेक्का दिइने प्रावधान छ । न्यूनतम रकममा ठेक्का दिइने कारण अयोग्य ठेकेदारले काम गर्ने र कम लागतमा काम सम्पन्न गर्नुपर्ने रहँदा गुणस्तरीय काम हुन नसक्ने पाइएको छ ।

२. संयुक्त उपक्रम (ज्वाइन्ट भेन्चर) : साना ठेकेदारहरू ठूला अन्तराष्ट्रिय ठेकेदारसँग कागजी सम्झौता गरेर आफ्नो कानुनी योग्यता स्थापित गर्छन् । निर्माणमा भने अन्तराष्ट्रिय ठेकेदारको कुनै संलग्नता रहेको हुँदैन । सानो ठेकेदारले स्रोत र योग्यताको अभावमै काम गरिरहेको हुन्छ ।

३. भूमि अधिग्रहण : निर्माणका निमित्त आवश्यक पर्ने सार्वजनिक जमिन उपभोग गर्नका लागि मुआब्जा वा क्षतिपूर्ति वितरण गर्नुपरेमा सोका लागि बजेटको सुनिश्चितता गर्नुपर्छ । निर्माण स्थलसम्म पुग्न पहुँच मार्ग विस्तार गर्दा, निर्माण स्थलको वृद्धि वा विकास गर्दा, सार्वजनिक जमिनको उपभोग गर्नुपर्ने हुन सक्छ । भूमि अधिग्रहणको विषय निर्माण सुरु गर्नु अगावै छिनोफानो गर्दा जनताको समर्थन मिल्नेछ र कार्यमा रोकावट कम हुनेछ ।

४. अन्तराष्ट्रिय सम्झौतामा अपनाउनुपर्ने सावधानी : दातृ निकाय एडीबीसँग गरिएको सहमतिअनुसार आयोजनासँग सम्बन्धित ७२ प्रतिशत भुक्तानी वैदेशिक मुद्रामा र २८ प्रतिशत भुक्तानी मत्रै नेपाली रूपैयाँमा गर्न सकिने प्रावधान छ । दातृ निकायको स्वार्थ बमोजिम गरिएको यस सम्झौताका कारण निर्माण अवधिमा नेपालि रूपैयाँको कमी हुन गई, खरिद तथा भुक्तानीमा समस्या देखापरेको र निर्माणलाई नकारात्मक असर पारेको छ ।

५. अन्तराष्ट्रिय स्तरीय विज्ञ : मेलम्ची परियोजनाका टनेलहरू भूकम्पको उच्च जोखिम रहेको क्षेत्रमा पर्छन् । निर्माणाधीन सुरुङमध्ये मेलम्ची खानेपानीको सुरुङ विश्वकै १४औं ठूलो पनि हो । परियोजनामा काम गर्ने ठेकेदार वा कन्सलट्यान्टसँग आवश्यकता अनुसारको अनुभव भएका जनशक्ति नहुँदासमेत आयोजना निर्माणका क्रममा समस्या भोग्नुपरेको आयोजनामा काम गर्दै आएका अधिकारीहरू बताउँछन् ।

६. डिजाइन परिवर्तन : सुरुवाती अवस्थामा नर्बेली डिजाइनअनुसार निर्माण गर्ने भनिएको भए पनि, पछि परिवर्तन गरी त्यसलाई न्यु अस्ट्रियन मेथडद्वारा निर्माण गर्ने भनियो । निर्माणमा हुने केही परिवर्तनले आयोजनालाई सुहाउँदो र राम्रो बनाउन सहयोग गर्छ तर यस प्रकारको ठूलो परिवर्तनले भने आयोजनाको लागत खर्च र अवधि दुवैमा वृद्धि हुन जान्छ ।

७. सीएमसी पुनर्गठन : इटालियन ठेकेदार कम्पनीले चरम आर्थिक सङ्कट झेल्दै थियो । केन्यामा समेत उक्त कम्पनीले तीनवटा अन्य आयोजनाहरूलाई अलपत्र बनाएर छोडेको समाचार केन्याका अखबारहरूले छापेका छन् । आफूहरूसँग पर्याप्त नगद नभएको अवस्थामा मेलम्ची बोर्डले समेत भुक्तानी गर्न नचाहेको कारण आयोजना त्याग्नुपरेको कम्पनीका अधिकारीहरूको भनाइ छ ।

८. सवारीसाधन तथा इन्धनको अभाव : भूकम्प र नाकाबन्दीको समयमा इन्धनको अभाव झेल्नुपरेको सरकारी अधिकारीहरू बताउँछन् । त्यसैगरी सीएमसीले छोडेर गएपछि हालसमेत मेलम्ची निर्माण स्थलमा रहेका साइट इन्जिनियरहरूलाई इन्धनको अभाव रहेको उनिहरूको भनाइ छ ।

९. स्थानीय समान आपूर्तिकर्ता (भेन्डर)को समस्या : मेलम्चीको पूर्वठेकेदार सीएमसीले भुक्तानी दिन बाँकी रकम प्राप्त नभएसम्म आयोजनाको काम अघि बढाउन नदिने स्थानीय भेन्डर तथा मजदुरको अडान छ । उनीहरूले करिब १ अर्ब ६० करोड बराबरको दावी पेस गरेका छन् । भेन्डरको चित्त बुझाउन नसकेको अवस्थामा भने आयोजनामा उल्झन थप कायम नै रहने त्रास रहन्छ ।

१०. कामको निरन्तर निरीक्षण : ठूलो परियोजना निर्माणमा निरन्तर अवलोकन, जाँच र प्रतिक्रियाको आवश्यकता पर्दछ । गुणस्तरीय काम हुँदै गर्दा सहुलियत दिने र काम हुन नसकेको अवस्थामा स्पष्टीकरण लिएर आवश्यक जरिवानाको प्रावधान कायम गर्नु पर्छ । यसले ठेकेदारलाई उत्तरदायी बनाउँछ भने सरोकारवाला निकायलाई सम्पूर्ण आवश्यक जानकारी प्रवाह हुन्छ ।

११. जनसरोकार : मेलम्ची ल्याउने प्रयास भइरहँदा उपत्यकावासीबाट पनि मेलम्ची ल्याउनका लागि उत्तिकै दबाब र पहलहरू हुनु आवश्यक छ । काठमाडौँको स्थानीय सरकारले समेत आयोजनाप्रति खासै चासो नदेखाएको जस्तो बुझिन्छ ।

१२. योजना छनोट : सामाजिक उत्थान कार्यक्रमअन्तर्गत सामाजिक सुधार एवम् विकास निर्माणका झन्डै ८०० अधिक कार्यक्रमहरू पूरा गर्ने लक्ष्य राखिएको छ । कार्यक्रम छनोट र कार्यान्वयनमा ढिलासुस्तीले गर्दा मङ्सिरमा सुरु हुनुपर्ने कतिपय काम जेठमा मात्रै सुरु भएको पाइयो । एक महिनाको अवधिमा योजना बमोजिम सम्पूर्ण निर्माण सम्पन्न हुने सम्भावना थिएन । सम्पन्न भएका कामहरू पनि गुणस्तरीय छन् भन्न सकिँदैन ।

१३. कर्मचारी तथा प्राविधिकलाई तलब सुविधा : देशका तमाम कर्मचारी जस्तै यस आयोजनाका कर्मचारी पनि तलब सुविधाबाट सुखी देखिएनन् । सुविधाको अभावकै कारण कर्मचारीहरूमा काम गर्ने प्रेरणा नरहेको, आलस्यता बढेको र उत्पादनशीलता घटेको लामो समय सरकारी सेवामा समय बिताइसकेका कर्मचारीहरू बताउँछन् । यसले केही हदसम्म अनियमितता र भ्रष्टाचारलाई समेत इन्धन दिएको छ ।

१४. आन्तरिक व्यवस्थापन : आयोजनासँग सम्बन्धित ठेकेदार, मेलम्ची खानेपानी बोर्ड र सम्बन्धित मन्त्रालय सबै पक्षको आन्तरिक व्यवस्थापन कमजोर पाइयो । कागजी प्रक्रियामा ढिलासुस्ती, अनिर्णय, असहयोग, लाचारी र भ्रष्टाचार मेलम्ची बोर्डको व्यवस्थापनमा पाइयो । त्यस्तै, मन्त्री र मन्त्रालय सचिवबीच मनमुटाव देखिनु, भ्रष्टाचारको मुद्दामा मुछिनुलाई हाम्रै प्रशासकीय कमजोरी मान्नुपर्छ ।

**सुझाव**

१. ठेक्का व्यावस्थापन समयमै गरी भौतिक निर्माणको कार्यलाई सहज बनाउनु आवश्यक छ । त्यसका लागि, स्थानीय सामान आपूर्तिकर्ता तथा मजदुरको जायज मागहरूलाई उचित सम्बोधन गरेर आयोजनालाई शीघ्र निकास दिनुपर्ने देखिन्छ ।

२. प्रतिस्पर्धाका आधारमा मात्रै ठेक्का दिइनुपर्छ । बिना प्रतिस्पर्धा आएका ठेकेदारहरूको योग्यता पुनरावलोकन गर्नुपर्ने र आवश्यक परे सम्झौता खारेजसम्म गर्न सकिने गरी सम्झौता गरिनुपर्छ ।

३. निर्माण सामग्रीको सहज आपूर्ति हुनु आवश्यक छ । निर्माण व्यावसायीले स्रोत परिचालन तथा व्यवस्थापन समयमै गर्नुपर्ने देखिन्छ ।

४. जग्गा अधिग्रहणको कार्यमा सहजीकरण आवश्यक छ । ऐलानी जग्गा प्राप्तिमा नीतिगत सहजता ल्याउनुपर्ने देखिन्छ ।

५. पानी पथान्तरण समयमै अन्तिम परीक्षण गर्न आवश्यक व्यवस्था हुनुपर्ने देखिन्छ । साथै, उपत्यकाभित्र खानेपानी प्रवाहका निमित्त आवश्यक पाइपलाइन विस्तारको गतिलाई समेत ध्यान पुर्याउनु आवश्यक छ । पर्याप्त पाइपलाइन विस्तार नगरी खानेपानी वितरण सम्भव छैन । यसमा, मेलम्ची खानेपानी बोर्डले काठमाडौँ उपत्यका खानेपानी लि. (केयूकेयल) सँग समन्वयमा थप जोड दिन आवश्यक देखिन्छ ।

६. राष्ट्रिय योजना आयोग एवम् मन्त्रालयहरूमा प्राविधिक जनशक्ति वा विज्ञहरूको कमी रहेको र आवश्यकता पूर्ती गर्न विशेष व्यवस्थाहरूको आवश्यकता देखिन्छ ।

७. अन्तराष्ट्रिय ठेकेदारसँग सम्झौता गर्दा सर्तहरू बलियो राखेर निर्माण सम्पन्न गर्नै पर्ने आधारहरू तयार गर्नुपर्छ ।

८. बारम्बारका अनिर्णयबाट मुक्ति पाउन सरोकारवालालाई उत्तरदायी बनाइनु आवश्यक देखिन्छ । अनिर्णय पनि गलत निर्णय जति नै हानिकारक छ ।

९. दिगो विकासका निमित्त वर्षाको पानी सङ्कलन, जमिनको पानीको व्यवस्थापन जस्ता खानेपानीको वैकल्पिक स्रोतहरूको पहिचान गरी त्यसको प्रवर्द्धन र विकासमा जुट्नुपर्छ । वृक्षरोपण, हरियाली व्यवस्थापन र नदीनालाको संरक्षणमा जोड दिन उत्तिकै आवश्यक छ ।

१०. नागरिकलाई मितव्ययिता अपनाउन सजग बनाउनुपर्ने, खानेपानीको महत्त्वबारे सचेतना जगाउनुपर्ने, साथै आपूर्ति व्यवस्थापन र माग व्यवस्थापनमा वैज्ञानिकता अपनाउनु आवश्यक देखिन्छ । पानीको मूल्य वैज्ञानिक दरले निर्धारण गरिनु आवश्यक छ ।

११. कानुनी तवरबाट खानेपानी सरसफाइसम्बन्धी विधेयक तर्जुमा र कार्यान्वयन गरिनुपर्छ ।

१२. निर्माण आयोजनाहरूमा ठेक्का व्यवस्थापन निकै ठूलो चुनौतीका रूपमा देखिन्छ । ठेक्का व्यवस्थापन गर्न राष्ट्रिय गौरवका ठूला आयोजनाको बहुवर्षीय ठेक्का स्वीकृतको प्रक्रियालाई सहजीकरण गरिनुपर्छ ।

१३. सरकारी स्वामित्वको राष्ट्रिय निर्माण कम्पनी स्थापना गर्न सकिन्छ र देशमा हुने सम्पूर्ण ठेक्का योजनामा सरकार पनि खुला प्रतिस्पर्धाका आधारमा सहभागी हुनुपर्छ ।

१४. निर्माण र ठेकेदारसँग सम्बन्धित मुद्दाहरूको छिनोफानो गर्ने, निकास दिने, अनियमितताको छानबिन गर्ने र सबै सरोकारवालालाई जवाफदेही बनाउन प्रोत्साहनमुखी कार्यक्रमको तर्जुमा गर्नुपर्छ ।

१५. आयोजना प्रमुखको सिफारिसमा सरकारले सोझै कुनै पनि ठेकेदारलाई कालो सूचीमा समावेश गर्न सक्ने गरी नीति अवलम्बन गर्नुपर्छ ।

१६. उपत्यकाको जनसङ्ख्या नियन्त्रण र अव्यवस्थित सहरीकरणमा ध्यान पुर्याउन अत्यावश्यक छ । छोटो समयमै माग र आपूर्ति बीचको खाडल फराकिलो हुँदै गएको छ । यही वृद्धिदर कायम भए उपत्यकामा रहेका पानीको मुहानहरू मासिने, नदीनाला थप प्रदूषित हुने र पानीको सङ्कट झन् बढ्न जाने देखिन्छ ।

*(साभारः रातोपाटीबाट)*

# हिमानीले भोग्या हन्डरको अनुमान

**अतुल अभय**

'सर ! पारसका आजभोलीका समाचार र तस्बिर देखेर छक्क परेको छु । कस्तो मानिस रहेछ, कति चिप भएर हिँड्न र देखिन सकेको होला है', मेरा एक जना सहकर्मी कम्प्युटरको किवोर्डका चालसँगै सोध्छन्,'त्यस्तो राजा जस्तो मानिसको छोरा, युवराज जस्तो मान्छे । अलिकति त ध्यान हुनुपर्ने नि, इज्जतको पनि ।'

सहकर्मीमा प्रश्न अनि त्योसँगै उत्तरका तर्क कम्प्युटरको खिटिरपिटिरसँगै झरिरहेका छन् । म मौन छु, प्रत्युत्तर दिने मौका पनि पाइरहेको छैन । तर उनले उठाएका प्रश्नका थाकमा कतिपयचाहिँ समाजको साधारण जीवनसँग जोडेर तर्कवितर्क गर्न सकिन्छ ।

उनी पारसको नीजि जीवनका समाचार देखेर, सुनेर हैरान छन् । अनि फेरि सोध्छन्,'त्यति राम्री पत्नी हिमानी हुँदाहुँदै के त्यो सोनिकासँग हिँडेको होला है ? राम्रो साथी भन्छन् अनि यसरी बेलामौका अति नजिक भएको तस्बिर र भिडियो आइरहेको छ ।'

उनले गरेको प्रश्न समाजका आम मानिसले सोध्ने बिम्ब हो । यो आलेख लेख्दै गर्दा समाजका विविध पाटामा रहेका, नेपाली समाजमा हुर्किएका सबैले यो कोणबाट अनौपचारिक प्रश्न मात्र गर्दैनन् । हिमानीले भोगेको हन्डरका विषयमा अनुमान पनि गर्छन् ।

राजपरिवारको सदस्य भएका कारण उनीहरूको आपसी सम्बन्धलाई मापन गर्ने अन्य आधार हुन सक्लान् । तर यीनलाई आम मानिसको दैनिक, सामाजिक र पारिवारिक जीवनको कसीमा राखेर पनि अनुमान गरौं त ?

राजसंस्थाको अन्त्य भएपछि पूर्वयुवराज पारस र हिमानी लगभग एकै ठाउँमा बसेका छैनन् । त्यसअघि पनि नबसेका हुन सक्लान्, सम्बन्धको आयाम राम्रो नहुन सक्छ । तर त्यसयताको समयमा पारसका कारण आएका समाचार र विवरण अनि हिमानीको चिन्तनलाई अनुमान गरौं त ?

चिचिला सन्तानसँग टाढा रहेको बाबु, बाबुका अनेक अफेयरका समाचार अनि त्यसले आमालाई पारेको मानसिक असरबारे बुझेका सन्तानको भोगाईको पनि अनुमान गरौं त ? र, अहिले राम्रो बुझ्न सक्ने सन्तान, प्रेमदेखि पारिवारिक जीवनबारे मापन गर्ने सन्तानले बाबुआमाको सम्बन्धबारे आउने विविध विवरणका विषयमा कस्तो धारणा बनाउँदा हुन् कति विक्षिप्त हुँदा हुन् अड्कल काटौं त ?

अर्को, कुनै पनि पत्नीका लागि आफ्ना पतिको अर्को अफेयर यसै पनि सहन सक्ने हुँदैन । तर हिमानीले पति पारसका सन्दर्भमा यस्ता धेरै हन्डर खाएकी छन् । थाइल्यान्डमा कन्निकासँगको सम्बन्ध छुटाएकी हिमानीले नेपालमा सोनिकासँगको हल्लालाई सुन्नु परेको छ । भलै मिडियामा उनले यसको उत्तर दिनु परेको छैन । परिवारका सदस्यबीच हुने गन्थनकाबीच उनको मनमा कस्तो पीरमर्काको प्रश्नोत्तर हुँदो हो, अनुमान गरौं त ?

हल्ला मात्र होइन, कतिपय श्रव्यदृश्य सामग्री नै बाहिर आएका छन् जसले हिमानीको मन कतिसम्म पोलेको छ भन्ने अनुमान गर्न सकिन्छ । हालै फेरि पारसको सोनिकासँगको अर्को भिडियो र तस्बिर आयो- पिङ खेलाएको । यसले हिमानीको मनमा रहेको पीडामा डंका थप्ने काम मात्र गरेन, पारसको सार्वजनिक छविलाई अझ धुमिल बनाउँदै नीजि जीवनलाई दुर्नाम बनाउन काम गरेको छ ।

हुन त दरबारभित्रका अनेक पात्रका वैवाहिक र यौन जीवन गोप्य अनि चलायमान पनि हुन्छ भनिन्छ । तर सतहमा छारस्ट भएको हुँदैन । आम मानिस र समाजको बिम्बलाई आधार मान्ने हो भने पूर्वयुवराज पारसको दिनचर्या, मिडिया चर्चालेचाहिँ हिमानीले भोग्या हन्डरको अनुमान सहजै गर्न सकिन्छ । त्यसैले समाजका साधारण नारीले पनि पारसको आलोचना गर्दै भन्न थालेका छन्- छि! कस्तो पति ?

दरबार, त्यसको प्रतिनिधित्व गर्नेका सन्दर्भमा आम मानिसले बनाउने धारणाले राजनीतिक प्रणालीमा नै असर गर्छ । तर त्यो प्रणालीलाई सकारात्मक वा नकारात्मक असर गर्ने भन्नेचाहिँ त्यसभित्रका पात्रका आनीबानी र सतहमा देखिने चरित्रले नै हो । पारस यसै पनि सार्वजनिक जीवनमा विवादमा आइरहने पात्र हुन्, अफेयरका विषयमा कुनै खास होइनन् । तर आम परिवारको अचानोमा राखेर अनुमान गर्ने हो भने, उनका विवादीत चरित्रले हिमानीको मनमा पीरमर्काको डंका, पूर्वराजा ज्ञानेन्द्रको मनमा छोराका विषयमा कस्तो धारणा बनेको होला ?

यी प्रश्नहरूको अनुमान गरौं, उत्तरहरु पनि अनुमानकै आधारमा तय गरौं । यसका परिणाम कस्ता हुन सक्छन् त्यो पनि अनुमानमै सीमित राख्नुको विकल्प के होला त ?

# लैगिंक हिंसा विरुद्ध इटहरी सम्मेलन गरिने

काठमाडौं । लैगिंक हिंसा विरुद्ध इटहरी सम्मेलन गरिने भएको छ । लैगिंक हिंसा विरुद्धको दिवसको अवसर पारेर तीनसय वढिको सहभागितामा इटहरी सम्मेलन गरिने इटहरी उपमहानगरकी उपप्रमुख लक्ष्मी गौतमले वताउनुभयो । सम्मेलन इटहरी घोषणा पत्र तयार गर्दै सम्पन्न हुने छ । इटहरीमा उपमहानगरको आयोजनामा मंसीर ९ गते देखि १६ दिनसम्म गरिने लैगिंक हिंसा विरुद्ध विभिन्न कार्यकमका कममा इटहरी सम्मेलन गरिने भएको छ । लैगिंक हिंसा विरुद्धको दिवसका अवसरमा २१ जना सामाजिक अभियन्तालाई साथी शिक्षक तालिम दिइने भएको छ । प्रतिरक्षा समूह र साथी समूह मार्फत इटहरीका सवै वडामा लैगिंक हिंसा अवस्थाको मापन गरिने छ । हिंसा प्रभावित क्षेत्रमा सरोकारवालाहरु सँग सवाल जवाफ कार्यकम समेटिएको छ । यसैगरि मुख्यचौकहरुमा लैगिंक हिंसा विरुद्ध शन्देशमूलक होडिड वोर्ड राख्ने, यौनिक तथा अल्पसंख्यकहरुका समस्या र समाधानका लागि सरोकारवालाहरुको भूमिका बिषयक अर्न्तक्रिया,अपांगता भएका व्यक्तिका अभिभावकहरुलाई अपांगमैत्री व्यवहार सम्वन्धि सचेतना कार्यकम, पछाडीपारिएको क्षेत्रमा महिला प्रजनन स्वास्थ्य शिवीर,रक्तदान, विद्यालयमा किशोरीहरुलाई लैगिंक हिंसा विरुद्ध सचेतना कार्यक्रम, महिला अभियानकर्मी र पत्रकार महिला वीच मैत्रिपूर्ण फुटसल खेल , मनोरञ्जन क्षेत्रमा काम गर्ने महिला तथा किशोरीसंग महिला हिंसा सम्वन्धी छलफल लगायत विभिन्न २१ वटा कार्यकम गरिने भएको छ । यि कार्यकमहरु इटहरी उपमहानगर तथा उपमहानगरमा रहेका विभिन्न संघ सस्थाहरुले संयोजन गर्ने छन । उपमहानगरको आयोजनामा सरोकारवाला संघ सस्थाहरु बिच भएको पूर्वतयारी कार्यकममा इटहरीमा लैगिंक हिंसा विरुद्धको दिवस भब्यताका साथ मनाउने निर्णय भएको हो । जसका लागि ७५ सदस्यीय मूल समारोह ब्यवस्थापन समिति, १५ सदस्यीय सचिवालय सल्लाहकार समिति गठन गरिएको छ । इटहरी उपमहानगरले चालु बर्षमा  १६ दिनको मात्र नभई बर्षै भरि अभियान संचालन गरिरहेको छ ।प्रत्येक वडामा महिला हिंसा विरुद्धको प्रतिरक्षा समूह गठन भएको छ । २० वटै वटामा तीन वटाका दरले ६० वटा साथी समूह गठन भएका छन । यसबर्षको १६ दिने अभियानको कममा गत बर्षको समीक्षा गर्दै एक बर्षे कार्ययोजना समेत निर्माण गरिने उपमेयर लक्ष्मी गौतमले वताउनुभयो ।

# मध्यपुरका मेयरको तीन महिनामा तीन पटक बिदेश भ्रमण

## कार्यकारी पनि टिकेनन् : गलत काम भन्दा सरुवा रोजे बरालले

भक्तपुर। मध्यपुर थिमि नगरपालिकाका मेयर मदनसुन्दर श्रेष्ठको दादागिरीका कारण नगरपालिकाका प्रमुख कार्यकारी अधिकृतहरु समेत टिक्न नसक्ने भएका छन्। अबैधानिक र नियम विपरित आफु खुशी विकासका नाममा गरेको गत बर्षको २ करोड ५१ लाखको खर्च अनुमोदन गराउने बिषयले मेयर श्रेष्ठ अख्तियारको फन्दामा पर्ने देखिएको छ। यहि विवादका कारण तत्कालिन प्रमुख कार्यकारी अधिकृत कमल ज्ञवालीसँग हात हालाहालको स्थितीबाट शुरु भएको श्रेष्ठको दादागिरी बिश्वराज मरासिनीसम्म आइपुग्दा समेत रोकिएको छैन्। यद्यपी नियम विपरित गरिएको गत बर्षको उक्त खर्च शिर्षक नगर परिषद् र नगर कार्यपालिकाबाट मेयर श्रेष्ठले पारित गराउन त सकेका छैनन् नै कार्यकारी मार्फत भुक्तानी लिन खोजेपनि ज्ञवालीपछि आएका कुनैपनि प्रमुख कार्यकारी अधिकृतले पनि भुक्तानी दिएका छैनन्। मेयर श्रेष्ठकै रोजाईमा मध्यपुर नगरपालिकामा सरुवा भई आएका प्रमुख कार्यकारी अधिकृत महेश बरालले पनि उक्त रकम भुक्तानी दिन नमानेपछि मेयर श्रेष्ठ र बरालबीचको सम्बन्ध पनि चिसिएको थियो। सोही कारण आफु फस्ने काम नगर्ने भन्दै बराल गत कार्तिक ७ गते सरुवा भई गएका छन्। एकसाता अघि मात्र विश्वराज मरासिनी प्रमुख कार्यकारीको जिम्मेवारी लिएर नगरपालिकामा आएका छन्। तर, उनले पनि मेयरको दादागिरीका कारण आफु पनि टिक्न नसक्ने अवस्था आएको बताउन थालेको एक कर्मचारीले बताए।



नगरपालिका प्रमुख श्रेष्ठ नगरपालिकाको काम गर्नमा भन्दा बिदेश घुमेर रमाउनमै व्यस्त हुन्छन्। उनी अहिले बेलायतमा छन्। गत कार्तिक १६ गते बेलायत उडेका श्रेष्ठ १५ दिन उतै रमाउने तालिका छ। नगरपालिकाका प्रमुखहरु बिदेश जाँदा कार्यपालिकामा जानकारी गराउने र पराराष्ट्र मन्त्रालयमा बिदेश जानुपर्नाको उचित कारण र उद्देश्य पुष्टि गरेर जानुपर्ने नियम छ। तर, नगर कार्यपालिका सदस्यहरुलाई मेयरको भ्रमणसम्बन्धी कुनै जानकारी नभएको बताउँछन् नगरपालिका प्रवक्ता राम थापामगर।

यसअघि पनि असोज ७ गते वातावरण र फोहोरमैलाको कार्यक्रमका लागि भन्दै नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत महेश बरालसहित एक हप्ताका लागि जापान उडेका छन्। भदौको दोस्रो साता वातावरण र फोहोरमैलाकै कार्यक्रमका नाममा एक्लै १० दिन नेदरल्याण्ड घुमेर फर्किएका थिए। भदौदेखी कार्तिकसम्मको तीन महिनाको अवधिमा श्रेष्ठले एक महिना बिदेशमै बिताएका छन्।

वडा नं. २ का अध्यक्षसमेत रहेका प्रवक्ता थापामगरले नगर प्रमुखको कार्यशैलीका कारण नगरपालिकाको अवस्था दयनीय बन्दै गएको बताए। उनले गत असोज ३ गते दुई पक्ष कांग्रेस र नेकपाका जनप्रतिनिधिबीच सहमती कायम गरेर पारित गरेको नीति, योजना, कार्यक्रम र बजेट अहिले कार्यान्वयनमा आउन नसकेको समेत बताए। नगरपालिकाका मेयर श्रेष्ठ र कांग्रेसका जनप्रतिनिधिबीचको विवाद अहिले फेरी चर्किएको छ। नगरसभाले १ अर्ब ६२ करोड ९५ लाखको बजेट पारित गरेपनि मेयर श्रेष्ठको मनोमानीका कारण मेयरसँग कांग्रेसका वडा अध्यक्ष र जनप्रतिनिधिबीचको विवाद पुनः चर्किन थालेपनि पारित योजना, बजेट र कार्यक्रमहरु कार्यान्वयन नहुने अवस्था देखिएको हो।

कमेरोटार जग्गा एकिकरण आयोजनामा ६ महिनादेखी प्रमुख विहिन भइरहेको अवस्था थियो  तर, श्रेष्ठले आफु बेलायत जानुअघि आयोजनाको काम ठप्प भएको भन्दै आयोजना प्रमुखबाट बर्खास्त गरिएका सत्यसुन्दर श्रेष्ठलाई पुनः आयोजना प्रमुख तोकेर हिडेका छन्। प्रमुख कार्यकारी अधिकृत मरासिनीलाई आयोजना प्रमुख तोकेर पत्र काट्न निर्देशन दिए पनि उनले कार्यपालिकाको निर्णय विपरित पत्र नलेख्ने जवाफ दिएपछि आफैले हस्ताक्षर गरेर श्रेष्ठलाई आयोजना प्रमुख तोकेर हिडेका छन्। यहि बिषयले पनि उनी फर्केपछि ठुलो विवाद सिर्जना हुने वडा अध्यक्ष थापामगरको भनाई छ।

मेयर र कांग्रेसका जनप्रतिनिधीबीच नगरसभाबाट पारित सबै योजना तथा कार्यक्रमहरु नगर कार्यपालिकाको बैठकबाट निर्णय गराएर मात्र गर्ने सहमती भएपनि श्रेष्ठको पुरानै शैलीको पुनरावृत्ति शुरु भएको जनप्रतिनिधिहरुको गुनासो छ।

# बैकिङ्ग संसार

## महालक्ष्मी विकास बैंकले ऋण प्रक्रियालाई डिजिटाइज र स्वचालित गर्ने

काठमाडौं। महालक्ष्मी विकास बैंकले लोन म्यानेजमेन्ट सिस्टम सफ्टवेयरमार्फत आन्तरिक ऋण प्रक्रियालाई डिजिटाइज र स्वचालित गर्न एसबी सोलुसन्स प्रालिसँग सम्झौता गरेको छ। विकास बैंकका जनरल सर्भिस डिपार्टमेन्ट प्रमुख रघुनाथ कोइराला र एसबी सोलुसन्सका प्रमुख बिपुल ढकालले सो सम्झौतामा हस्ताक्षर गरे।

लोन म्यानेजमेन्ट सिस्टम मार्फत् बैंकले इन्टर्नल लोन र लोन फाइलको अप्रभल प्रोसेसलाई अटोमेट र डिजिटाइज गर्न सक्नेछ। यसबाट बैंकलाई ग्राहकको लोन फाइलसम्बन्धी कामको अप्रुभ र विश्लेषण गर्न प्रत्यक्ष फाइदा पुग्नेछ। बैंकले चाँडै नै अनलाइन लोन इलिजिबिलिटी सर्भिस समेत सुरुवात गर्ने जानकारी दिएको छ। यसबाट ग्राहकले अनालइनबाटै ऋणका लागि आवेदन दिन सक्नेछन्। नेपाल राष्ट्रबैंकबाट 'ख' वर्गको वित्तीय संस्थाको इजाजत पाएको महालक्ष्मी विकास बैंकले आफूलाई बलियो र विश्वसनीय विकास बैंकको रुपमा स्थापित गरेको छ। यो बैंकका एक लाखभन्दा बढी ग्राहक र एक सयभन्दा बढी देशभर शाखाहरु रहेका छन्।



सन् २०१६ मा स्थापना भएको एसबी सोलुसन्स प्रालिले डिजिटाइजेशन र अटोमेसन बैंकिङ प्रडक्टहरु जस्तै लोन अप्रुभिङ सिस्टम, अनलाइन लोन इलिजिबिलिटी, अनलाइन अकाउन्ट ओपनिङ, डकुमेन्ट म्यानेजमेन्ट सिस्टम, भेन्डर्स म्यानेजमेन्ट सिस्टम, मेमो म्यानेजमेन्ट, बजेट म्यानेजमेन्ट, मोबाइल एप्लिकेशन आदि प्रदान गरिरहेको छ। हाल १० भन्दा बढी फाइनान्सियल इन्स्टिच्युट र कर्पोरेट हाउसहरुले यो कम्पनीका प्रडक्ट प्रयोग गरिरहेका छन्।

## कामना सेवाद्वारा रक्तदान कार्यक्रम सम्पन्न

"प्रगतिको आधार कामना सेवासँग कारोबार" भन्ने मुल नाराका साथ आम जनता माझ विभिन्न बैंकिङ सेवा सुविधा प्रदान गर्दै आइरहेको कामना सेवा विकास बैंकको १३ औं  वार्षिकोत्सव यहि २०७६ साल कार्तिक २७ गते रहेको छ। आफ्नो १३ औं वार्षिकोत्सवको उपलक्ष्यमाकामना सेवा विकास बैंकले आफ्नो सामाजिक उत्तरदायित्व अर्न्तगतरक्तदान कार्यक्रमको आयोजना गरेको थियो। बैंकले देशमा विद्यमान चरम रक्त अभावलाई केही हद सम्म भएपनि सहयोग हुने अपेक्षा लिई ज्ञानेश्वर स्थित IST College मा ग्राण्डि इन्टरनेस्नल अस्पतालको सौजन्यमासो रक्तदान कार्यक्रमको आयोजना गरेको थियो। जस्मा करीब ६८ जना रक्तदाताले रक्तदान गरि सहयोग गर्नु भयो।



काठमाडौं -३०, ज्ञानेश्वरमा केन्द्रीय कार्यालय रहेको बैंकले देशका विभिन्न भागहरुमा १०२  वटा शाखा तथा ५० वटा ATM मार्फत ग्राहकहरुलाई आफनो सेवाहरु प्रदान गर्दै आएको छ। साथै बैंकले ABBS, SMS Banking, Mobile Banking, लगायतका माध्यमबाट समेत सम्पूर्ण बैंकिङ्ग सेवाहरु उपलब्ध गराउँदै आएको तथा समय सापेक्षआफ्ना सेवाहरु थप गर्दै जाने बैंकको योजना रहेको छ।

# निर्धारित मितिमै १३औं दक्षिण एसियाली खेलकुद

काठमाडौं। युवा तथा खेलकुदमन्त्री जगतबहादुर सुनार (विश्वकर्मा) ले १३ औं दक्षिण एसियाली खेलकुद (साग) निर्धारित मितिमै हुने स्पष्ट पारेका छन्। उक्त प्रतियोगिताको लागि सम्पूर्ण तयारी करिब करिब अन्तिम चरणमा पुगेको पनि उनले विश्वास दिलाए।

रिपोर्टर्स क्लब नेपालले आयोजना गरेको साक्षात्कारमा बोल्दै मन्त्री विश्वकर्माले साग प्रतियोगिता भव्य रुपमा सम्पन्न गर्नेगरि आफूहरुले दिनरात काम गरिरहेको जनाए। उनले भने,'सागको लागि करिब करिब तयारी पूरा हुने दिशामा छ। यो गेम भव्य रुपमा र सफलतापूर्वक सम्पन्न हुने विश्वास दिलाउन चाहन्छु।' उनले साग राष्ट्रिय प्रतिष्ठासँग जोडिएको विषय भएकोले खेलप्रेमी र सरोकारवाला सबैले गम्भिरतापूर्वक आ-आफ्नो ठाउँबाट दायित्व निर्वाह गर्नुपर्ने सुझाए।

मन्त्री विश्वकर्माले सामाजिक सञ्जालमा साग प्रतियोगिता समयमै नहुने हो कि भनेर अन्यौलतासँग जोडेर गरिएका टिकाटिप्पणीप्रति भने असन्तुष्टी पोखे। १२ औं साग प्रतियोगिता सफलतापूर्वक सम्पन्न भैसकेपछि १३ औं प्रतियोगिता २०७२ सालमा गर्ने अभिभारा नेपालको काँधमा आएपछि समयमै साग हुन नसक्नु दुःखद् भएको उनको गुनासो छ।

आफूहरु सरकारमा आएपछि उक्त प्रतियोगिता समयमै गर्नेगरि अभिभारा र अवसरको रुपमा लिएको र सोहीअनुसार काम गरेको पनि उनले सुनाए। आफूहरुले ७/८ महिनामै पोखरा रंगशाला निर्माण काम सम्पन्न गर्न गैरहेको पनि मन्त्रीको भनाई छ। उनले भने,'मंसिर पहिलो हप्ताभित्र निर्माण काम सम्पन्न हुन्छ। दशरथ रंगशालाको पनि निर्माण सम्पन्न हुँदैछ। सातदोबाटोमा पनि सम्पन्न हुँदैछ। तेक्वान्दो, कराँते र लङ टेनिशलगायतका नयाँ पूर्वाधारपनि सातदोबाटोमा निर्माण गरेका छौं।'

साग आयोजना गर्नको लागि निकै जोखिम र चूनौतिहरु रहेपनि आफूहरुले ती सबै चूनौति र जोखिमहरुको सामना गरेर अघि बढेको उनले सुनाए। उनले भने,'म हिरोईज्ममा विश्वास गर्दिन्। काममा विश्वास गर्ने मान्छे हुँ। खुरु खुरु काम गरिरहेको छु।' कतिपयले अहिले धमाधम भौतिक पूर्वाधार निर्माणमा जुटेको देख्दा 'जब राति तब बुढी ताती' भनेर पनि टिप्पणी गर्ने गरेको सुनाउँदै उनले साग मुखमै आईसकेकोले यसको लागि आफूहरुले रातोदिन काम गरेको स्पष्ट पारे। उनले थपे,'हिजो राति त मैले झिमिक्क आँखा पनि झिम्क्याएको छैन्। दशरथ रंगशालामा भिआईपी छाप्रो हाल्ने काम थियो। त्यो काम राति नै गर्नुपरेकोले हिजो रातभरि काम गरियो।'

मन्त्री विश्वकर्माले रातदिन काम गर्नु के अपराध हो ? भन्दै प्रश्न गरे। उनले मंसिर १५ गतेको साग गेमको मिति तलमाथि नहुने दाबी दोहोर्‍याए। उनले भने,'मैले स्यावासी र प्रशंसा खोजेको होईन्।' उनले दशरथ रंगशालाको प्याफिट मंसिर पहिलो हप्ताभित्रै सम्पन्न भैसक्ने स्पष्ट पारे। उनले भने,'परिस्थिति हाम्रो काबुमा छ। पूर्वाधारको कुनै समस्या छैन्। अहिलेको कामको प्रगति हेर्दा विश्वासको आधार तय भएको छ।'

सागको लागि नेपाली खेलाडीहरुलाई प्रशिक्षणदेखि व्यवस्थापकीय सबै काम भैरहेको पनि उनले सुनाए। त्यस्तै, सागकोलागि विदेशी पाहुनाहरुलाई आमन्त्रण गर्ने काम पनि भैसकेको उनले जनाए। उनले दक्षिण एसियाली ओलम्पिक कमिटीको शनिबार काठमाडौंमा बैठक बसेको पनि बताए। उनकाअनुसार उक्त बैठकमा सातवटै देशका ओलम्पिक कमिटीका अध्यक्षको सहभागिता रहेको थियो। १३ औं सागका खेलहरु काठमाडौं, ललितपुर, पोखरा र जनकपुरमा हुँदैछ।

मन्त्री विश्वकर्माले हिटिङ र स्विमिङ पुल निर्माणको काम पनि अन्तिम चरणमा पुगेकोले कुनै समस्या नहुने दाबी गरे। आफूहरुले थोरैभन्दा थोरै लगानीमा धेरै उपलब्धि हाँसिल गर्नेगरि काम गरिरहेको उनले सुनाए।

# इटहरीमा दुई महिनाको अवधिमा छ सडक शिल्यान्यास

इटहरी। इटहरीमा दुई महिनाकै अविधमा छ वटा सडक शिल्यान्यास गरिएको छ। एकै दिन दुई सडक समेत गरि दुई महिनामा छ सडक  शिल्यान्यास गरिएको हो।

इटहरी उपमहानगरका प्रमुख द्वारिकलाल चौधरी र उपप्रमुख लक्ष्मी गौतमले इटहरी उपमहानगरको गौरवको योजना रहेका ११ वहुबर्षे सडक योजना मध्ये दुइ वटा सडक शिल्यान्यास गर्नुभयो।इटहरी उपमहानगर वडा नम्वर १७,१८ र १९ मा पर्ने मझौरा देखि वरम्पुर जोडने कालोपत्रे सडक योजना र इटहरी ५ हलगढा देखि वडा नम्वर १ को कञ्चनचौक जोडने सडक कालोपत्रे योजना शिल्यान्यास गरिएको हो। इटहरीको ग्रामिण क्षेत्रलाई शहर वजार र राजमार्ग सँग जोडी गाँउका वासिन्दालाई उपमहानगरवासी भएको अनुभूति दिलाउन वहुवर्षे सडक कालोपत्रे योजना संचालन गरिएको प्रमुख चौधरीले वताउनुभयो। पहिलो बर्ष स साना योजना संचालन गर्दा लक्षित उपलब्धि प्राप्त हुन सक्ने अवस्था नदेखेर ३ बर्षको वजेटले सर्पोट गर्ने वहुवर्षे योजना सुरु गरिएको उहाँले जानकारी दिनुभयो। गाँउका ११ वटा मुलवाटो पिच हुदा बर्ष दिनमै  ३० किलोमिटर कालोपत्रे हुने उहाँले वताउनुभयो।

उपप्रमुख  लक्ष्मी गौतमले ११ वटा वहुवर्षे योजना अर्न्तगत सडक कालोपत्रे गरिसकेपछि गाँउका वासिन्दाको सुविधाका लागि नगरवस संचालन गरिने वताउनुभयो। गाँउका वासिन्दाले पनि घर अगाडीवाटै गाढि चढेर वजार जाने अवस्था सृजना गर्न उपमहानगर लागि परेको उहाँले वताउनुभयो। प्रमुख प्रशासकीय अघिकृत केशव विमलीले गुणस्तरीय निर्माण र समयमै काम सक्ने कुरामा सम्झौता नहुने वताउनुभयो।  छुटटाछुटटै भएको शिल्यान्यास कार्यक्रममा वोल्दै वडाध्यक्षहरु श्री नारायण चौधरी,रामकुमार चौधरी र कल्याण कार्कीले गाँउ गाँउका जनता वाटो पिच हुने भएपछि उत्साहित भएको वताउनुभयो। इन्जिनियर जीवन घिमिरेले सडक निर्माण निर्धारित अवधि भन्दा एक दिन  पनि पर नजाने प्रतिवद्धता जनाउनुभयो।

मंगलमय शुभकामना

दिपावली, छठ पर्व तथा नेपाल सम्वतको पावन अवसरमा हाम्रा समस्त, शुभचिन्तक तथा दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि सहीत हाम्रो हार्दिक मंगलमय शुभकामना

प्रबन्ध निर्देशक
रामशरण कार्की
तथा
एशियन ड्रिलिङ्ग कम्पनी प्रा.लि. परिवार
गैडाकोट, नवलपुर
मोबाइल नं. ९८५११०२४४३

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक



# रारा: कर्णाली प्रदेशको मुख्य पर्यटकीय गन्तव्य

**तेजबहादुर डुम्रेल**

कर्णाली प्रदेशको प्रमुख पर्यटकीय गन्तव्य रारालाई मानिन्छ । स्वर्गको एक टुक्राको रुपले चिनिने रारा वास्तवमा अति सुन्दर एवं रमणीय छ । सबैभन्दा ठूलो ताल हो ।

५ किलोमिटर फैलिएको राराको चौडाई ३ किलोमिटर छ । गहिराइ १६७ मिटरको रारा वरिपरि घुम्न ५ घण्टा समय लाग्छ । विश्व मै कहि नपाइने स्नो ट्राउट असलाजातका माछा पाइने रारा जानेको लर्को देखिन्छन् । रारा हामी पुगेको त्यो दिन ३ हजार आन्तरिक तथा बाह्य पर्यटक पुगेको रारा राष्ट्रिय निकुञ्जले बताएको थियो ।

डिजिटल मौसम रारामा देख्न सकिन्छ । सबै निकुञ्ज भन्दा सानो भए पनि महत्त्व ठूलो रहेछ । गहिराइमा गएर राराको अध्ययन गर्ने भन्दा पनि सेल्फि खिच्नेको भिड देखिन्थे । रारा २०३२ सालमा स्थापना भएको हो । विभिन्न लालिगुराँस, विभिन्न बनस्पति, विभिन्न लोपोउन्मुख जंगली जनावर पाईने रारा यतिखेर सारा विश्वको ध्यान खिच्न सफल भएको छ ।

प्रधानमन्त्री केपी शर्मा ओलीको राराबाट देशवासिका नाममा सम्बोधन भएपछि रारामा उल्लेखनीय भिड बढेको स्थानीय बताउँछन् । लोप हुन थालेको रेड पाण्डा पनि पाईने रारामा काडे भ्याट काडे भ्याकुर, हिमाली कालेर कालो भालु, घोरल, मृग, कस्तुरी, रतुवा, हिम चितुवा, चिर डाफे, कालिज देखिन्छन् ।

गृष्म याममा साइवेरियन चरा देखिन्छन् । होमस्टे अथवा होटलमा फाफर, जौ, गौ, रातो चामलको भात, सिमिको दाल, सिस्नोको तरकारी, लोकल कुखुरा स्याउको रक्सी र स्याउका चाना पाइन थालेपछि झन् पर्यटन विकास भएको देखिन्छ ।

भिर माहुरीको मह तथा स्थानीय मह समेत पाईने रारामा यतिखेर १५ रुपैयाँसम्म स्याउ पाईन्छ भने १० रुपैयाँ केजी सायलको जस्तो लोकल मिठो आलु पाइन्छ ।

पछिल्लो समय रारा जान सजिलो छ । हवाई तथा सवारीसाधनबाट रारा पुग्न सकिन्छ । हामी दिपायल, सिलगढी, चौखुटे अछाम भएर गयौं । अछामको बैजनाथ मन्दिर हुँदै दैलेखको राकम बस्यौं । भोलि बिहानै रकमबाट कालिकोटको सदरमुकामका लागि हिन्यौं ।

साघुरा सडकमा सावधानी अपनाउनु थियो । बाटोमा फेरि देखिन्छन् । काठका दर्जनौं पुल देखिन्छन् । खुला आकास साघुरा सडक यात्रामा मन मिल्ने साथीहरू अनि दशै तिहारको बडो गज्जबको मौसम ।



नाइटो जस्तो भिरालोमा घर देखेपछि आङ सिरिङ भयो । ती घरमा बस्ने दाजुभाइको अन्य आम्दानीको स्रोत केही नभए पनि सिजनका स्याउ, आलु सदुपयोग गर्दैछन् । सबै वातावरण देखेपछि मलाई लाग्छ ती दाजुभाइले जडिबुटी बेच्नु अनौठो होइन ।

जुम्लाबाट हामी रारा निकुञ्ज प्रवेशद्वारमा पुगेको बेला सैनिक जवानहरु अनि झन् । मनोरम फाटहरु देखिन थाले । प्रवेश शुल्कप्रति व्यक्ति १ सय रुपैयाँ तिरेपछि हामी रारा एरियामा पुगेको महसुस गर्दै गर्दा सुटिङ गर्न लायक झन् सुन्दर फाटमा भेडा चरिरहेका हुन्छन् ।

गाईवस्तु एउटै साईजका देखिन्छन् । सल्लेरी बास बस्न सहमत भयौं । लामो यात्रा भएकोले गहिरो निन्द्रा मिल्दै थियो । बिहानै उठ्ने वित्तिकै सल्लेरीमा घोडा ३ सय सवारीसाधन ३ सय दर्जनौं होटलहरु देखिए । १०:१५ मिनेटमै गाडीको यात्रामा हामी रारा नजिकै पुगे ।केही बेर पदयात्रा पछि रारा पुगियो ।

रारा पुगेपछि मैले फेसबुक लाइभ जोड्ने कोशिस गरे । नेपाल टेलिकमले काम गर्न थाल्यो । लाईभमा राराबारे संक्षिप्त ५ हजार साथीहरूलाई जानकारी गराए,रारामा मैले सायल गाउँपालिका अध्यक्ष तेजबहादुर डुम्रेल र आदर्श गाउँ पालिका अध्यक्ष टेकबहादुर रोकायासंग कुरा गरे ।

सायल र आदर्श गाउँपालिका पर्यटन क्षेत्र बिस्तार कसरी गर्नु हुन्छ ? राराबाट के पाठ सिक्नु भयो ? उनले रारा जस्तैः विकास डोटी खप्तड सायल र आदर्शमा गर्न सकिन्छ भन्ने भिडियो लिएको छु ।

जुन युटुबमा राख्न मिल्छ । रारा नजिकैको मुर्माटपबाट सबै देखिन्छन् । समुन्द्री सतहबाट ३७७० मिटर उचाइमा उत्त टप रहेको छ । मुर्मा टपबाट हुम्ला, जुम्ला, बझाङ, डोटी, दार्चुला, बाजुरालगायतका ७ पहाडी जिल्ला देखिन्छन् ।

बझाङको साईपाल हिमाल दार्चुलाको अपि हिमाल, रुकुमको सिस्ने हिमाल जुम्लाको कान्जिरोवा, मुगुको कोइली हिमाल, चंखेली हिमाल, छायानाथ, खेस्मा हिमाल देखिन्छन् । त्यो मात्रै होइन बाजुराको बडी मालिका, डोटीको खप्तड र तिब्बतको केही भूभाग देखिन्छन् । त्यसकारण पनि रारा हेर्ने दिनप्रति दिन बढेका छन् ।

छोटकरीमा कर्णाली प्रदेश निकै चनाखो पाए रारा महोत्सव समेत मनाउन सफल भयो । स्थानीय उत्साहित छन् । बजारमा मार्सि चामलको चर्चा पनि पाइन्छ । व्यवस्थापनले गर्दा पर्यटन बढिरहेका देखेपछि अनुभव सबैलाई शब्द मार्फत लेखे ।

जिल्ला समन्वय डोटीको आयोजनामा गरिएको भ्रमण दलमा डोटीका स्थानीय तहका अध्यक्ष उपाध्यक्ष, लगभग सबै दलका नेताहरु पत्रकार, जिल्ला समन्वय संयोजक, सदस्य, कर्मचारी सहितको भ्रमणमा डोटी चेम्बरलाई पनि निम्तो थियो ।

# नेपाल भ्रमण वर्ष र टिसोल–नेल्टा सम्मेलन

**भीम गौतम**

सुखी नेपाली,समृद्द नेपालको सपना बोकेको वर्तमान सरकारले नेपाल भ्रमण वर्ष २०२० मनाउने ब्यापक तयारी गरेको छ। यसकै पूर्वसन्ध्यामा अंग्रेजी भाषा शिक्षण सिकाइमा संसारभर परिचित सबैभन्दा ठूलो संगठन टिसोल (अमेरिका)ले नेपालमा पहिलोपल्ट यसको क्षेत्रीय सम्मेलन गर्दैछ।

अमेरिकाका विभिन्न शहरहरुमा मनाइने टिसोल सम्मेलन र प्रदर्शनीमा हरेक वर्ष विश्वभरिका ५ हजारभन्दा बढी अंग्रेजी भाषा पढाउने शिक्षकहरु जम्मा हुन्छन् र छलफल गर्छन्।यस बर्षको अन्तर्राष्ट्रिय टिसोल सम्मेलन सन् २०२० को मार्च ३१ देखि अप्रिल ३ सम्म अमेरिकाको कोलोराडो राज्यको डेनभर सहरमा हुँदैछ जसमा विश्व भरीका ६००० भन्दा बढी सहभागीले १००० भन्दा बढी बिभिन्न सत्र र १०० भन्दा बढी प्रदर्शनीहरुमा आफ्नो अनुभव र योग्यता प्रस्तुत गर्नेछन्।

निकै लामो र ठूलो प्रयासले नेपालमा भएका अंग्रेजी शिक्षकहरुको साझा संस्था नेल्टा स्थापना भएको २६ वर्षपछि यही मंसिर ४-७ सम्म ४ दिन नेपालमा टिसोल-नेल्टा क्षेत्रीय सम्मेलन हुन गइरहेको छ।लगभग २२ भन्दा बढी विभिन्न मुलुकका अंग्रेजी भाषा शिक्षकहरु जम्मा हुने यो अन्तराष्ट्रिय सम्मेलनको पहिलो दिन अमेरिकन विद्वानहरुबाट १ दिने गोष्ठीको आयोजना गरिएको छ।

नेपाल भित्र र बाहिरका जम्मा १८० जना शिक्षकहरु सहभागी हुने यो गोष्ठीमा टिसोल (अमेरिका) बाट आएका विद्वानहरुले वर्तमान अवस्थामा भएको अंग्रेजी भाषा शिक्षा, यसका समस्या र समाधानहरुको बारेमा छलफल, बहस र चर्चा गर्नेछन्।

ललितपुरको सुविधा सम्पन्न डि.ए.भी. सुशील केडिया स्कूलमा आयोजना गरिने यो गोष्ठीका लागि नेल्टाका ५५ जिल्ला शाखा तथा ७ प्रदेश कमिटिहरुबाट सिफारिस भएका १५० जति नेपालका अंग्रेजी शिक्षकहरु सहभागी हुनेछन् र वर्तमान अवस्थाको अंग्रेजी भाषा शिक्षणको विभिन्न पक्षबारे जानकारी प्राप्त गर्नेछन्।

भोलिपल्ट अर्थात् मंसिर ५ देखि ७ सम्म तीन दिन अन्तराष्ट्रिय सम्मेलनको आयोजना हुनेछ। सम्मेलनको यस वर्षको मुख्य नारा ‘अंग्रेजी भाषा शिक्षण सिकाइमा परिस्थितिक दृष्टिकोण र सम्भावना र चुनौतिहरु’ छानिएको छ। यसबाहेक अरु विभिन्न विषयवस्तुहरुमा २०० भन्दा बढी कार्यपत्रहरु प्रस्तुत हुनेछन्।

यो सम्मेलनमा अभी सुवेदी (नेपाल), जयराज अवस्थी (नेपाल), विष्णुसिंह राई (नेपाल), एलानमाली (बेलायत), लिया डी. स्टेन (अमेरिका), राइन ब्रक्स (अमेरिका), जेनिफर बोर्क (अमेरिका) , विली रेनान्डा (सिंगापुर) ले मुख्य वक्ताको रुपमा आफ्ना अवधारणाहरु दिनेछन् भने गोविन्दराज भट्टराई(नेपाल), लक्ष्मण ज्ञवाली(नेपाल), हेमन्त दाहाल(नेपाल), जे.एन.पाटिल (भारत), जाकिया सरवार (पाकिस्तान), अरिफा रहमान (बंगलादेश), रिचमण्ड स्ट्रोप (जाल्ट), जोभन इलिक (बृटिस काउन्सिल), तामस किस(पोल्याण्ड) लगायतका विद्वानहरुले दर्जनौं छलफल र प्यानल बहसहरुमा सहभागी हुनेछन्।

यो क्षेत्रीय सम्मेलनको महत्वपूर्ण पक्ष भनेको संसारभरका अंग्रेजी भाषा शिक्षण सिकाइसँग सम्बन्धी पुस्तकहरुको प्रदर्शनी हो। जसका लागि क्याम्ब्रीज, अक्सफोर्ड, राउट्लेज जस्ता प्रकाशनहरुले सम्मेलनमा आफ्ना स्थानीय एजेन्सीमार्फत स्टल वुकिङ गर्ने र सहयोग गर्ने गरेका छन्।

१००० भन्दा बढी अंग्रेजी शिक्षकहरु सहभागी हुने यो सम्मेलनलाई रेलो (अमेरिकी दूतावास), ब्रिटिस काउन्सिल, भारतीय दूतावास, अक्सफोर्ड प्रकाशन, क्याम्ब्रिज प्रकाशन, मेधावी कलेज, पाठशाला स्कूल, डिएभी स्कूल लगायत विभिन्न संघ संस्थाहरुले सहयोग गरेका छन्।

नेपाल भ्रमण वर्ष २०२० शुरु हुनै लाग्दा आयोजना भएको यो सम्मेलनले २५ भन्दा बढी देशबाट नेपाल आउने विदेशी पाहुनाहरुलाई नेपाल पर्यटन बोर्डको सहकार्यमा नेपाल भ्रमण वर्षको लोगो अंकित उपहार दिने छ।नेपाल लगायत विश्वका अधिकांश विकासोन्मुख मुलुकहरुमा बढ्दै गएको अंग्रेजी शिक्षाप्रतिको मोहलाई सही र व्यवस्थित रुपले प्रयोग गर्न यो सम्मेलनले अंग्रेजी शिक्षाका सुनाई, बोलाई, पढाई र लेखाइसँग सम्बन्धित पक्षहरु र यिनले मातृभाषी शिक्षामा पार्ने सकारात्मक एवं नकारात्मक प्रभावहरुको बारेमा व्यापक बहस र छलफल गर्नेछ ।

सम्मेलनको अर्को उदाहरणीय पक्ष भनेको नेल्टाले आफ्ना नियमित प्रकाशनहरु जस्तै नेल्टा जर्नल र नेल्टा इएलटी फोरम वितरण गर्नेछ । यसबाहेक यसपटक नेल्टाको स्थापनाकाल देखी २५ वर्षको इतिहास समेटिएको नेल्टा इतिहास प्रकाशित हुनेछ र यसले बितरण गर्नेछ। नेल्टा इतिहासले नेपालमा अंग्रेजी शिक्षाको समयक्रम मा भएको बिकास र यससँग सम्बन्धित विविध पक्षहरुको योगदान बारेमा प्रष्ट पार्नेछ ।

नेल्टा-टिसोल सम्मेलनको अवसरमा यही मंसिर ८ गते काठमाडौंको जेभियर एकेडेमीमा १ दिने रचनात्मक लेखन कार्यशालाको आयोजना गरिएको छ भने आमन्त्रित विदेशी विद्वानहरुको सहभागितामा गण्डकी प्रदेशमा पांच दिने अर्को रचनात्मक लेखन कार्यशालाको आयोजना पोखरामा गरिएको छ ।

देशले समृद्धिको दिशामा फड्को मार्ने क्रममा नेल्टा-टिसोल सम्मेलनले नेपालको अंग्रेजी शिक्षामा देखिएका विकृति एवं विसंगतिहरुको समाधान गरेर देशमा एउटा सफल र भरपर्दो अंग्रेजी शिक्षा नीति तर्जुमा गर्न नेपाल सरकार, शिक्षा मन्त्रालय एवं सम्बन्धित निकायलाई सहयोग गर्नेछ।

पर्यटन मन्त्रीको नेपाल भ्रमण वर्षलाई विदेशमा मात्र नभएर स्वदेशमै बढीभन्दा बढी विदेशी विद्वानहरु बोलाएर भ्रमण वर्ष सफल पर्ने अभियानमा यो सम्मेलन पनि महत्वपूर्ण हुनेछ भन्ने आशा गर्न सकिन्छ।

(लेखक गौतम त्रिविका उपप्राध्यापक तथा नेल्टाको अनुसन्धान संयोजक हुन्।) देश सञ्चारबाट साभार

# एनप्याब्सन आबद्ध विद्यालय सामाजिक सुरक्षा योजनामा सहभागी हुँदै

काठमाडौं । राष्ट्रिय निजी तथा आवासीय विद्यालय एशोसिएशन नेपाल (एनप्याब्सन) मा आबद्ध विद्यालय सामाजिक सुरक्षा योजनामा सहभागी हुने भएका छन् । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा आज भएको छलफलमा एनप्याब्सनका पदाधिकारीले सबै विद्यालयलाई सामाजिक सुरक्षा कोषमा सहभागी गराइने प्रतिबद्धता व्यक्त गरे ।

एनप्याब्सनका अध्यक्ष ऋतुराज सापकोटाले सामाजिक सुरक्षा योजना समग्र श्रमिकको हितमा आएको उल्लेख गर्दै यस राष्ट्रिय अभियानलाई पूर्ण समर्थन र सहयोग गर्ने बताए । उनले भने, विद्यालयमा कार्यरत शिक्षक, कर्मचारीको सामाजिक सुरक्षाका विषयमा हामी संवेदनशील छौं । कोषमा सहभागी हुन तयार छौं ।

सो अवसरमा श्रममन्त्री गोकर्ण विष्टले सामाजिक सुरक्षा योजनामा सहभागिता अनिवार्य विषय भएको उल्लेख गर्दै तोकिएको समयभित्रै सम्पूर्ण विद्यालयका शिक्षक तथा कर्मचारीलाई सूचीकरण गराउन आग्रह गरेका थिए । उनले सामाजिक सुरक्षा योजना कार्यान्वयनका सन्दर्भमा देखिएका अस्पष्टता हटाउन तथा विभिन्न क्षेत्रबाट आएका सुझावलाई सम्बोधन गर्दै कार्यक्रमलाई परिमार्जित, समय सान्दर्भिक तथा वैज्ञानिक बनाउँदै लैजाने बताए ।

# १२ वर्षीय बलात्कृत बालिकाको उपचार खर्च सरकारले बेहोर्ने

काठमाडौं । महिला, बालबालिका तथा ज्येष्ठ नागिरकमन्त्री थममाया थापाले बलात्कारबाट गर्भवती भएकी अछामकी १२ वर्षीया बालिकाको उपचार खर्च सरकारले व्यहोर्ने बताएकी छिन् । बलात्कारका कारण गर्भवती भएकी बालिकालाई भेटेर स्वास्थ्य अवस्थाबारे जानकारी लिएपछि मन्त्री थापाले उनको सम्पूर्ण उपचार खर्च सरकारले व्यहोर्ने बताएकी हुन् ।

बालिकाको उपचारमा लाग्ने सम्पूर्ण खर्च नेपाल सरकारले व्यर्होछ र बलात्कारीको पहिचान गरी कडाभन्दा कडा कारवाही हुनेछ, थापाथलीस्थित



प्रसूतिगृहमा बालिकालाई भेटेपछि मन्त्री थापाले भनिन् । बौद्धिक अपाङ्गता भएकी अछाम रामारोशनकी ती बालिका घाँस, दाउरा काट्न गएको बेला जबर्जस्ती करणी परी गर्भ रहन गएको आफन्तले बताएका छन् । कुकुरले टोकेर सुई लगाउन अस्पताल लैजाँदा दुई हप्ताअघि गर्भवती भएको थाहा भएपछि थापाथलीस्थित प्रसूति बालिकाको पाँच महिनाको गर्भपतन गराइएको थियो ।

अस्पतालका निर्देशक डा.जागेश्वर गौतमका अनुसार सानै उमेरमा गर्भवती भएका कारण उनको गर्भपतन गराएको हो । बालिकालाई केही समय आराम गर्नुपरेकाले र मनोपरामर्शको पनि आवश्यकता पर्ने भएकाले केही समय काठमाडौंमै राखेर उपचार गरिने मन्त्री थापाको भनाइ छ ।

# यो वर्ष १३९० वडामा भवन निर्माणसँगै आधारभूत स्वास्थ्य सेवा सुरु गर्नुपर्ने

काठमाडौं । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले स्थानीय तहमा आधारभूत स्वास्थ्य सेवा केन्द्र निर्माण तथा सेवा सञ्चालनसम्बन्धी कार्यविधि २०७६ सार्वजनिक गरेको छ । मन्त्रालयलेसार्वजनिक गरेको कार्यविधिमा स्वास्थ्य सेवा केन्द्र निर्माण र सेवा सञ्चालनको विषयको बारेमा जानकारी गराइएको छ ।

नेपालको संविधानको धारा ३५ (१) तथा जनसङ्ख्या सेवा ऐन, २०७५ को दफा ३ (४) मा उल्लेखित आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने प्रत्येक नागरिकको हकलाई कार्यान्वयन गर्न तथा आर्थिक वर्ष ०७५–०७६ को नीति तथा कार्यक्रममा उल्लेखित स्थानीय तहबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउनु पर्ने उल्लेख गरिएको छ ।

साथै, यो चालु आर्थिकमा १३९० स्थानीयतहले स्वास्थ्य संस्था निर्माण सँगै आधारभूत स्वास्थ्य सेवा सुरु गर्ने पर्ने कार्यविधिमा उल्लेख गरिएको छ । निर्माण गरिने बाकि भवनमा राष्ट्रिय भवन संहिता तथा सार्वजनिक खरिद ऐन ,२०६३ र सार्वजनिक खरिद नियमावली ,२०६४ बमोजिम गर्नुपर्ने छ ।

स्वास्थ्य संस्था निर्माण गर्ने सम्बन्धी वडाको जनसङ्ख्या जनगणना २०६८ बमोजिम टाईप १ र टाईप २ को भवन निर्माण गर्नुपर्ने हुन्छ । ७ हजार भन्दा बढी जनसङ्ख्या भएका स्थानीयतहले न्यूनतम १६ आना (५०८.९२ वर्ग मिटर) जग्गामा टाईप १ बमोजिम प्रसूति सेवा कक्ष सहितको भवन निर्माण गर्नुपर्ने छ । ७ हजार भन्दा कम जनसङ्ख्या भएका स्थानीय तहले टाईप २ बमोजिम न्यूनतम् ९ आना (२८६ वर्ग मिटर) जग्गामा स्वास्थ्य संस्था निर्माण गर्नुपर्ने छ ।

**उपलब्ध गराउनु पर्ने सेवाहरु**

भवन निर्माणको प्राविधिक सहजीकरण सम्बन्धित प्रदेश सरकारबाट गर्नुपर्ने छ । वडाको स्वास्थ्य संस्थाबाट खोप, परिवार नियोजन, गर्भवती एवम् शिशु जाँच साधारण प्रसूति, नवजात शिशु सेवा, डट्स सेवा, पोषण, मानसिक स्वास्थ्य, नसर्ने रोगहरुको परामर्श तथा स्क्रिनिङ्ग, औषधि वितरण, स्वास्थ्य प्रवर्द्धन, सामान्य उपचार लगायतका स्वास्थ्य सेवाको समुचित व्यवस्था स्थानीयतहले गर्नुपर्ने छ । यी सेवा उपलब्ध गराउनको लागि एउटा वडामा हेल्थ असिस्टेण्ट वा अ.हे.व १ जना, स्टाफ नर्स वा अ.न.मी १ जना र कार्यालय सहयोगी १ जना गरी न्यूनतम ३ जना कर्मचारी अनिवार्य हुनुपर्ने र सो कर्मचारी ऐन, नियमावली र निर्देशिका वमोजिम करारमा लिइ काममा लगाउनु पर्ने उल्लेख गरिएको छ ।

चालु आर्थिक वर्ष ०७६/०७७ मा प्रदेश नम्बर १ टाईप टुका २ सय ४४, प्रदेश नम्बर २ मा २ सय ४५,प्रदेश नम्बर ३ मा १ सय ८८,गण्डकी प्रदेशमा १४३,प्रदेश नम्बर ५ मा २ सय ,सुदूरपश्चिम प्रदेश १७३ र कर्णाली प्रदेशमा १९७ गरी १ हजार ३ सय ९० स्थानीयतहमा स्वास्थ्यको भवन निर्माण गर्नुपर्ने छ ।

# नेपाली कम्युनिष्टको पुर्ण नजरमा चिनको सिजीनपिङ बिचार धारा

**क. शिशिर श्रेष्ठ "अशोक"**

वर्तमानमा चिनको सिजिनपिङ बिचारधारात्मक समाजबादी मोडेलले विश्वमा तहल्का नै पिटेको छ। चिनको समृद्धि र विकास विश्व जगतकै लागि उदाहरणीय र चमत्कारिक विषय बनेको छ। नेपाली कम्युनिष्टहरु माझ पनि चिनको सि जीन पिङ विचार धारा लोकप्रिय बन्दै थियो त्यसमा पनि स्वयम चिनका राष्ट्रपति सि जीन पिङको नेपाल भ्रमणले यस्मा थप चासो र चर्चाको माहोल हाम्रो देश नेपालमा छाएको छ। यस लेखमा मैले नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को एक कार्यकर्ताको हैसियतले चिनको सि जीङ पिङ बिचारधाराको विषयमा नेपाली लगायत विश्वभरीका पाठकहरुलाई यथेष्ट ज्ञान दिने अभिप्राय बोकेर यो लेख तयार पार्ने जमर्को गरेको छु।

हालै सम्पन्न चिनियाँ कम्युनिष्ट पार्टीको १९ औ महाधिवेसनले आफ्नो मार्ग निर्देशक सिद्धान्तमा सि जीङ पिङ विचार थप गरेको छ। आखिर के हो त ? सि जीङ पिङ बिचारधारा , आऔँ केही क्षण यतातिर सोचौं। नयाँ युगमा नयाँ समस्या समाधान गर्ने आवस्थामा हामीले प्रयोगमा ल्याउने नितीहरुबाट नयाँ विचार बन्दछ। सि जीन पिङ बिचारधारा नयाँ युगको चिनियाँ विशेषता युक्त विचारधारा भएको चिनियाँहरुको दावी छ।लामो समयको परिश्रम पछि विशेषता युक्त समाजबाद नयाँ युगमा प्रवेश गरेको चिनियाँ कम्युनिष्ट पार्टीको ठहर छ। उनीहरु यसलाई देश विकाशको नयाँ ऐतिहासिक आयाम ठान्दछन्। जस्मा पार्टी महासाचिव तथा राष्ट्रपति सि जीन पिङ को सबैभन्दा महत्वपूर्ण योगदान रहेको उनीहरुको ठहर छ।

सि जीन पिङ बिचारधारालाई चिनियाँ कम्युनिष्ट पार्टीको १९ औं महाधिवेशनको प्रतिवेदन ले पाँच पक्षबाट व्याख्या गरेको छ।

पहिलो: यस विचारधारालाई मार्क्सबाद, लेनिनबाद , माओत्सेतुङ बिचारधारा, देङ सिया ओपिङ सिद्धान्त , तीन प्रतिनिधित्वको महत्वपूर्ण विचारधारा र विकाश सम्बन्धी बैज्ञानिक दृष्टिकोणका निरन्तरता र विकाश हो।

दोस्रो : यो विचारधारा मार्क्सवादको चिनियाँ करणको नवितम उपलब्धी हो।

तेस्रो : यो बिचारधारा पार्टी र जनताको व्यवहारिक प्रयोगको अनुभव एवं सामुहिक ज्ञानको फल हो।

चौथौ यो चिनियाँ विशेषता युक्त समाजबादी सैद्धान्तिक विचारधाराको महत्वपुर्ण अंश हो।

पाँचौ : यो सम्पूर्ण पार्टी र चिनियाँ जनताको महान पुनजागरणका लागि गरिने संघर्षको कार्ययोजना हो। कार्ययोजनालाई नै हाम्रो पार्टीको इतिहासमा निर्देशक सिद्धान्त भनिन्छ।

चिनियाँ कम्युनिष्ट पार्टीले यसैको आधारमा सिजीन पिङ बिचारधारालाई २१ औ शताब्दीको मार्क्सवादको चिनियाँ भूमिमा प्रयोग ठानेको छ। चिनियाँ कम्युनिष्ट पार्टीले सिजीन पिङ विचार धारात्मक समाजबादको पाँच पक्षमा जोड दिएको छ। (क) समाजबादी बजार अर्थतन्त्र (ख) समाजबादी प्रजातान्त्रिक राजनितिक व्यवस्था (ग) समाजबादी विकशित संस्कृति (घ) समाजबादी समान्जस्य पुर्ण समाज र (ङ) समाजबादी पर्यावरणीय सभ्यताको निर्माण। चिनियाँ कम्युनिष्ट पार्टीको १९ औ महाधिवेसनको सबैभन्दा ठूलो उपलब्धी पार्टीको झण्डामा सि जीन पिङ नयाँ युगको चिनियाँ विशेषता युक्त समाजबादी विचारधारा लेखिनु र त्यसलाई लामो अवधिका लागि पार्टीले अवलमबन गर्ने निर्देशक बिचारधाराको रुपमा स्थापित गर्नु हो। यसरी पार्टीको निर्देशक विचारधारामा फेरी एक पटक परिवर्तन ल्याईएको छ।

हामी नेपाली कम्युनिष्टहरु पनि चिनमा सिजीन पिङ बिचारधाराको सफल प्रयोगले उत्साहित छौ र नेपालमा पनि नेपाली भूमी अनुरुपको समाजबाद लागु गर्ने प्रयत्न मा छौ। जसको लागि सि जीन पिङ बिचारधारको विशेषताबाट हामीले ठुलो पाठ सिक्नु पर्दछ। सि जीन पिङ बिचारधाराको विशेषतालाई हामीले पनि नजिक रुपमा अध्ययन गरिरहेका छौ । नेपाली छापाहरु पनि सि जीन पिङ बिचारधाराको विशेषताले भरिन थालेको छ। मैले पनि कतिपय सि जीन पिङ बिचारधाराको विशेषता Nagarik Khabar मा प्रकाशित रामद्धिप आचार्यज्यूको आलेखबाट सापटी लिएको छु।अन्तमा ,नेपाली कम्युनिष्टको नजरमा चिनको सि जीन पिङ बिचारधारा प्रेरणाको स्रोत हो र यस बिचारधाराले विश्व कम्युनिष्ट आन्दोलन , चिनियाँ कम्युनिष्ट आन्दोलन र नेपाली कम्युनिष्ट आन्दोलनमा पनि महत्वपुर्ण कोशेढुङ्गा बन्न सफल हुनेछ भनेर म विश्वत छु ........ धन्यवाद।

*-नेपाल कम्युनिष्ट पार्टी (नेकपा)*
*नागार्जुन ना. पा (७),काठमाण्डौं*

# विराटनगरमा बेसहारा सडक मानवमुक्त नगर अभियान शुरु

विराटनगर। दिनरात कठिन जीवनयापन गरिरहेका बेसहारा मानिसलाई विराटनगरमा उद्धार शुरु गरिएको छ। बेसहारा सडक मानवमुक्त नगर बनाउने अभियानअनुरुप सडक पेटी, गल्ली बस्ने यस्ता मानिसले अब नयाँ जीवन पाउने भएका छन्। विराटनगर महानगरपालिकाको आर्थिक सहयोगमा तिनटोलियमा भर्खरै स्थापना भएको मानवसेवा आश्रमस्थलमा अहिले आठ जना बेसहारा मानिसलाई उद्धार गरेर उनीहरुलाई उचित बास, खाना र उपचारको प्रबन्ध मिलाइएको आश्रमका अध्यक्ष रामजी अधिकारीले जानकारी दिए।



विराटनगर महानगरपालिकाको ट्राफिक चोकस्थित नमस्कार होटलको अगाडि विगत दुई वर्षदेखि मागेर जीवनयापन गरिरहेका नाम र ठेगाना खुल्न नसकेका एक मानिसलाई आइतबार उद्धार गरिएको छ। यी मानिस केही वर्षअघि तिनटोलियामा लगभग १० वर्ष वरपर मागेर जीवन बिताएको स्थानीय धनसुन्दर प्रधानले बताए। बेसहारा ती मानिसलाई उद्धार गर्दै विराटनगर महानगरपालिकाका प्रमुख भीम पराजुलीले विराटनगरलाई अगामी मङ्सिर महिनाभित्रमा बेसहारा सडक मानवमुक्त बनाउने घोषणा गरे। उनले बेसहारालाई उद्धार गरेर नयाँ जीवन दिन पाउँदा निकै खुशी लागेको र जीवनमा योभन्दा पुण्यको अरु काम हुन नसक्ने विचार व्यक्त गरे।

उनले आइतबार विराटनगरस्थित ग्लोबल बैंकको अगाडिबाट एक मानसिक रोगी बेसहारा महिलालाई उद्धार गरेर आश्रमलाई जिम्मा लगाउनुभयो। उद्धारमा प्रमुख पराजुली, उपप्रमुख इन्दिरा कार्की, प्रहरी नायब उपरीक्षक वेदप्रसाद गौतम, सञ्चारकर्मी र आश्रमका टोली संलग्न थिए।

आश्रमले प्रदेशभरिमा यो अभियान लागू गर्ने र कुनै पनि बेसहारा मानिसले उचित रेखदेख, खाना, बास र स्वास्थ्यको अभावमा ज्यान गुमाउनु नपरोस् भन्ने अभियान थालेको अध्यक्ष अधिकारीको भनाइ छ।

केही वर्ष पहिले धनकुटामा ओभरसियर पढ्दै गरेकी एक युवतीको मानसिक सन्तुलन बिग्रिन गएपछि पढाइ छाडेको अवस्थामा उनीमाथि सामूहिक बलात्कार पछि गर्भ बोकेर अहिले नानीसहित आश्रममा रहेको बताइएको छ। सो आश्रममा १०० जना मानिसलाई व्यवस्थापन गर्न सकिने र यसभन्दा बढी भएमा महानगरपालिकाले जग्गा खोजेर एक व्यवस्थित भवन बनाइदिने आश्वासन प्राप्त भएको अध्यक्ष अधिकारीले जानकारी दिए।

# वोलाभियामा ढल्यो १४ वर्षको कम्युनिष्ट शासन, राष्ट्रपति इभो मोरालेसद्वारा राजीनामा



एजेन्सी। दक्षिण अमेरिकी राष्ट्र बोलिभियाका राष्ट्रपति इभो मोरालेसले पदबाट राजीनामा दिएका छन्। विगत तीन सातादेखि हिंसात्मक प्रदर्शन जारी रहेको अवस्थामा देशको सेना र प्रहरीले पनि राष्ट्रपतिका कदमलाई समर्थन नगर्ने घोषणापछि राष्ट्रपति मोरालेसले राजीनामा गरेका हुन्। राष्ट्रपति मोरालेसको राजीनामाको घोषणासँगै राजधानी ला पाजमा विशाल जुलुस निकालिएको थियो।

बामपन्थी राजनीतिज्ञ एवं राष्ट्रपति मोरालेसले टेलिभिजनबाट राष्ट्रका नाममा सम्बोधन गर्दै आफूले पदबाट राजीनामा दिएको घोषणा गरेका थिए। लामो समयदेखि सत्तामा रहेका मोरालेसका मन्त्री एवं वरिष्ट अधिकारीहरुले पनि एकाएक राजीनामा दिएपछि उनी थप सङ्कटमा परेका थिए।

विवादास्पद निर्वाचनबाट पुनः राष्ट्रपतिमा चयन भएका मोरालेसका विरुद्धमा तीन हप्तादेखि शृंखलाबद्ध विरोध प्रदर्शन गरिएका थिए। त्यही चुनावमा पराजित भएका पूर्व राष्ट्रपति एवं मुख्य विपक्षी दलका नेता कार्लोस मेसाले बोलिभियाली जनताले विश्वलाई नै नयाँ सन्देश दिएको बताएका छन्। उनले बोलिभियालाई नयाँ र समृद्ध देशमा रुपान्तरण गर्न पछिल्लो कदमले मद्दत गर्ने विश्वास व्यक्त गरे।

राष्ट्रपतिबाट राजीनामा गरेको अवस्थामा मुलुकको राष्ट्रपति को हुने भन्ने अन्यौलकै बीच कम्तीमा २० जना सांसद र वरिष्ट सरकारी अधिकारीहरुले बोलिभियास्थित मेक्सिकोको राजदूतावासमा शरण लिएका छन्। मेक्सिकोले राष्ट्रपति मोरालेसलाई पनि शरण दिन आफू तयार रहेको घोषणा गरेको छ।

यहीबीच मोरालेसले ट्वीट गर्दै आफूलाई गिरफ्तार गर्न सुरक्षाकर्मी पक्राउपूर्जी सहित आएको बताएका छन्, तर प्रहरी प्रमुख भ्लादिमिर युरी काल्डेरोनले भने मोरालेसको भनाईमा सत्यता नरहेको दाबी गरे।

मोरालेसले आफ्नो घरमा पनि आक्रमणकारी समूहले ढुंगामुडा गरेको बताएका छन्। प्रहरीले आइतबार राति निर्वाचन अदालतका प्रमुख मारिया युजेनिया चोकलाई गिरफ्तार गरेको घोषणा पनि गरेको छ। विपक्षीहरुले यही अदालतको आडमा मोरालेसले चुनाव जितेको आरोप लगाउँदै आएका थिए।

आयमारा आदिवासी समुदायको प्रतिनिधित्व गर्ने मोरालेस विगतमा कोका कृषक थिए। उनी सन् २००६ मा आदिवासी समुदायबाट बोलिभियाको पहिलो राष्ट्रपति बनेका थिए। राजीनामा गर्नेक्रममा मोरालेसले आफ्नो राष्ट्रपतीयकालमा भोकमरी र गरिबी कम गर्न ठूलो सफलता प्राप्त गरेको दाबी गरेका थिए।

मोरालेसले बोलिभियाको राष्ट्रपतिका रुपमा करिब १४ वर्ष शासन सञ्चालन गरेका थिए। तर यसै वर्षको अक्टोबर २० मा सम्पन्न चुनावमा भने उनी झिनो मतान्तरले चौथो कार्यकालका लागि विजयी भएका थिए, जसलाई मोरालेसले धाँधली गरेर चुनाव जितेको भन्दै विपक्षीहरुले चुनावी परिणाम अस्वीकार गरेका थिए।

मोरालेसको विजयलाई अस्वीकार गर्दै भएको तीन सातादेखिको प्रदर्शनमा तीन जनाको मृत्यु हुनुका साथै सयौं घाइते भएका थिए।

विरोध प्रदर्शन जारी रहेकै अवस्थामा ६० वर्षीय मोरालेसले नयाँ चुनावका लागि पनि प्रस्ताव गरेका थिए, तर सडक राष्ट्रपतिको यस्तो आग्रह सुन्ने अवस्थामा थिएन। बरु मुलुकका सशस्त्र फौज र प्रहरी दुबैले राष्ट्रपतिलाई राजीनामा गर्न सुझाएका थिए।

सशस्त्र फौजका प्रमुख एवं सेनापति विलियम्स कलिम्यानले संवाददाताहरुसँग कुरा गर्दै मुलुकको स्थायित्व, विकास र सडक प्रदर्शन मत्थर पार्न मोरालेसलाई राजीनामा गर्न आफूले सुझाव दिएको बताएका थिए।


## मंगलमय शुभकामना

दिपावली, छठ पर्व तथा नेपाल सम्वतको पावन अवसरमा हाम्रा समस्त शेयरधनी, शुभचिन्तक तथा दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि सहीत हाम्रो हार्दिक मंगलमय शुभकामना

सन्तबहादुर गुरुङ्ग
अध्यक्ष
तथा
चित्रवन बचत तथा ऋण सहकारी संस्था लिमिटेड परिवार
भरतपुर-७, कृष्णपुर, चितवन

## सत्तारुढ ...

भनाई राखेका थिए ।

अरु विषयमा छिमेकी नेपालसँग वार्ताको ढोका सधैं खुला रहेको भारतीय पक्षले टिप्पणी गरेको थियो । नेपालको फितलो कुटनीतिक शैलीको फाइदा उठाउँदै आएका भारतले यसपटक आफ्नै नक्सामा नेपाली भूभागलाई समेटेपछि नेपालको राजनीतिक प्रणालीमाथि टिकाटिप्पणी गर्नु र हिन्दुत्वलाई बढी प्राथमिकता दिनुलाई अर्थपूर्ण रुपमा हेरिएको छ ।

सन् १९५० को सुगौली सन्धी पछि नेपालले गुमाएका पूर्वदेखि पश्चिम सम्मका भूभाग र सन् १९६२ पछि भारत र पाकिस्तानका विच भएको युद्धमा तत्कालीन राजा महेन्द्रले भारतीय सेनालाई कालापानी क्षेत्र केही समयका लागि प्रयोग गर्न अनुमति दिएका थिए । भारतीय सेनाले १९६२ देखि नै कालापानी नछाडेपछि यतिखेर भारतले उक्त क्षेत्र आफ्नो भएको दावी गर्दै नक्सामा समेटेको हो ।

तत्कालीन राजतन्त्र देखि बहुदलीय प्रजातन्त्र हुँदै संघीय लोकतान्त्रिक गणतन्त्र सम्म आइपुग्दा पनि यहाँका राजनीतिक दल तथा तिनीहरुबाट बनेको सरकारले भारतसँग समन्वय गरेर समाधानको बाटो निकाल्न सकेन । कुटनीतिक मामलामा अत्यन्तै कमजोर भएका दलका अगुवा नेताका कारण मुलुकको सिमा समस्या यथावत रहन गयो र हुँदाहुँदा नेपालले आफ्नो भूभाग नै गुमाउनु पर्ने दु:खदायी अवस्था आइलाग्यो ।

भारतले पछिल्लो समयमा नेपालको राज्य प्रणाली माथि नै बक्रदृष्टि राख्दै नक्सामा फेरबदल गरेको हो भने यति भन्नु पर्दछ कि नेपालका नेतामाथि भारतको विश्वास छैन र कुनै पनि हालतमा नेपालमा अस्थिरता पैदा गरेर नेपालको शासन प्रणालीमाथि धावा बोल्दै कुटनीतिक क्षमता भएका विश्वासिला राजनेतालाई मात्र प्रयोग गरेर गुमेको भूभाग फिर्ता गराउन सकिने उद्देश्य भारतले तय गरेको विश्वस्त सूत्रको दावी छ । आखिर त्यस्तो राजनेता र त्यससँग सम्बन्धित शासन प्रणाली कुन हो ? पूर्वराजा ज्ञानेन्द्र हुन् वा प्रधान सेनापति पूर्ण चन्द्र थापा या कुनै पशुपति शमशेर वा कमल थापा ?

भविष्यमा यस्ता प्रश्नको उत्तर आउँदै गर्ला । अहिलेलाई यतिमात्र भन्न सकिन्छ कि मुलुकको भूभाग गुमेको छ पुन: शासन प्रणाली पनि गुम्दै अर्को राजनेता खोज्ने काम शुरु गरिएको हो भने तुरुन्त नेपालका नेताहरुले आफ्नो चरित्रमा सुधार गर्दै कुटनीतिक क्षमता बढाउनु पर्दछ । अनि मात्र प्राप्त उपलब्धीको रक्षा हुँदै जाला । नेपाली भूमी गुमाएर उपलब्धीको रक्षा हुन सक्दैन ।

## नेपालको ...

सार्वभौम अधिकार रहेको प्रमाणित गर्ने ऐतिहासिक दस्तावेज, सम्झौता र व्यवहारसम्बन्धी तथ्यहरुलाई व्यवस्थित् रुपमा राख्दै सीमासम्बन्धी वार्तामा संलग्न व्यक्तिहरुलाई उपलब्ध गराईनुपर्नेपनि सुझाव दिए । उनले भने,'भारतसँगको वार्तामा नेपालका सीमाविद् र पहिलेदेखि कुटनीति र इतिहासको विशेष जानकारी राख्ने व्यक्तिहरुलाई कुनै न कुनै रुपमा सामेल गराईनुपर्छ ।'

त्यस्तै, रावलले नेपाल-भारत सीमा क्षेत्रमा हराएका, बिग्रेका, भत्केका वा बिगारिएका स्तम्भहरुको तुरुन्त खोजी गरि तीनको पुन:स्थापना वा पुन: निर्माण गरिनुपर्नेपनि माग गरेका छन् । उनले नेपाल-भारत प्रवुद्ध व्यक्ति समूह (ईपिजी) को प्रतिवेदन भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले तुरुन्त ग्रहण गर्नुपर्ने पनि बताए । उनले भने,'मोदीले ईपिजीको प्रतिवेदन तुरन्त ग्रहण गर्दै तद्अनूल दुई पक्षीय वार्ता आरम्भ गरिनुपर्छ । अन्यथा, १९५९ को नेपाल-भारत शान्ति तथा मैत्री सन्धि एवं सीमासम्बन्धी विषयमा कूटनीतिक र राजनीतिक स्तरमा वार्ता गरिनुपर्छ ।'

सर्वपक्षीय बैठकमा आफूले भारतसँगको वार्ताका लागि दस्तावेज र तथ्यहरुको आधारमा प्राविधिज्ञहरुको सहयोग लिई ग्लोबल पोजिशनिङ सिस्टम (जिपिएस) लाई प्राविधिक पक्षमा उपयोग गरिनुपर्ने सुझाव दिएको पनि उनले सुनाए । तर, त्यसको लागि आधारको रुपमा भने ऐतिहासिक दस्तावेज र तथ्यहरुलाई लिईनुपर्ने उनको भनाई छ ।

नेता रावलले सीमासम्बन्धी वार्ताको अवसरमा कालापानी क्षेत्रबाट भारतले अनाधिकृत रुपमा तैनाथ गरका भारतीय सेना हटाउनुपर्ने माग गरे । उनले भने,'मैले त हिजोको बैठकमा नेपाल, भारत र चीनको त्रिदेशीय विन्दु लिम्पियाधुरा रहेको कुरा नक्शामा स्पष्ट राखिको साथै भुगोलको पठनपाठनमा उल्लेख गरिनुपर्छ ।' त्यस्तै, उनले कालापानी क्षेत्रको नेपाली भूभागमा तत्काल साधन स्रोत उपलब्ध गराई नेपालको सुरक्षा र प्रशासनिक उपस्थिति नियमित र सुदृढ गरिनुपर्नेबारे पनि आफूले प्रधानमन्त्रीलाई सुझाव दिएको स्पष्ट पारे ।

उनले सीमा विवाद समाधानको लागि भारतको मुख ताकेर बस्न नहुनेपनि धारणा राखे । उनले भने,'हामी आफैंले अग्रसरता लिनुपर्छ । मिडियाहरुले पनि सिमाबारे जंगे पिलर र स्तम्भहरु हराएकाबारे ध्यानाकार्षण गराएका छन् । हामीले अब सक्रिय कुटनीतिक पाईला चाल्नुपर्छ ।' उनले भारतसँग सीमा वारपार अपराध तथा सुरक्षा प्रवन्धमा उत्पन्न हुनसक्ने चूनौतिको सामना गर्न अन्तर्राष्ट्रिय कानून र प्रचलनबमोजिम सीमा नियमनको विषयलाई गम्भिर रुपमा उठाईनुपर्ने बताए ।

रावलले राजा महेन्द्रको पालामा कालापानी क्षेत्रबारे कुनै सम्झौता भएको थियो कि थिएन भन्ने सन्दर्भमा पनि महाकाली नदीको एकीकृत विकाससम्बन्धी सम्झौता भएपछि संकल्प प्रस्ताव पारित गरिनुको साथै संसदको संयुक्त विशेष समिति बनेको पनि ईतिहास सुनाए ।

उनले सम्झिए,'त्यसमा महाकाली नदीको उद्गमस्थलबारे व्यापक छलफल भएको थियो । समितिको एउटा बैठकमा नेपालको परराष्ट्र मन्त्रालयका एकजना कर्मचारीले राजा महेन्द्रले कालापानी भारतलाइ सम्झौता गरेर दिइसकेको कुरा गरेपछि मैले नै बैठकको अध्यक्षता गरिरहनुभएका रामचन्द्र पौडेललाई भनिएको सम्झौता बैठकमा पेश गरिनुपर्ने र त्यो सम्झौता परराष्ट्र मन्त्रालयका कर्मचारीले पेश नगर्दासम्म बैठक स्थगित् गर्न माग गरेको थिएँ ।' उनले राजा महेन्द्रले कालापानी भारतलाई दिएको भन्ने कुरा नै गलत भएको तर्क गरे । उनले भने,'त्यस्तो सम्झौता भएको भए भारतले पक्कैपनि देखाउँथ्यो होला ।'

उनले थपे,'सीमा नियमन भनेको आवातजावत रोक्ने भनेको होईन । अपराध नियन्त्रणको लागि यो गर्नुपर्छ ।' रावलले हालै अमेरिकी सरकारले जारी गरेको प्रतिवेदनमा भारतीय मुजाहिद्दिनले नेपाल प्रवेश गरेके भन्ने प्रतिवेदनको कुरा पनि उठाए । उनले उक्त कुरालाई गम्भिर रुपमा लिईनुपर्ने धारणा राखे । उनले आफू गृहमन्त्री हुँदा सीमा नियमन गर्नको लागि नै सशस्त्र प्रहरीको चौकी राखेको सुनाए ।

उनले सीमा विवादबारे यत्रो बहस तथा छलफल भैरहँदा यो विषय पार्टीका स्थायी समिति र केन्द्रिय कार्यसमितिमा पनि छलफल हुनुपर्ने बताए । उनले सीमा विवादको विषयलाई सेलाएर जान दिन नहुने पनि धारणा राखे । उनले भने,'यस्तो विषयलाई महत्व दिईएन भने यो आपत्तिजनक हुन्छ । सरकार पछि हट्दैन् ।'

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका नेता तथा पूर्वमन्त्री रमेश लेखकले कालापानी नेपालकै भूभाग भएको भन्ने कुरामा कुनै अस्पष्टता र द्विविधा नभएको बताएका छन् । उक्त कालापानी, लिपुलेक र लिम्पियाधुरा नेपालले फिर्ता लिनुपर्ने लेखकको भनाई छ । उनले भने,'सिमा विवादबारे सबै दल एकमत छन् । अब भारतसँग नेपाल सरकारले उच्च राजनीतिक र उच्च कुटनीतिक तहमा छलफल गर्नुपर्छ । हिजोको बालुवाटारको सर्वपक्षीय बैठकले सरकारलाई शक्ति प्रदान गरेको छ ।' उनले महाकाली नदीका पूर्वका सम्पूर्ण भूभाग नेपालको भएको दाबी गरे । उनले भने,'हिजोको सर्वपक्षीय बैकठमा हाम्रो पार्टी सभापतिले पनि स्पष्ट रुपमा यो कुरा राख्नुभएको छ ।'

उनले भने,'कालापानीलगायतका क्षेत्र, अहिले भारतीय सुरक्षा बल बसेको छ त्यो भुभाग नेपालको हो । त्यसमा कुनै दुईमत र विवाद छैन् । हाम्रो सभापतिले हिजोको बैठकमा पार्टीको तर्फबाट प्रष्ट धारणा राख्नुभएको थियो की अहिले भारतीय सुरक्षा बल बसेको कालापानीलागतयका भुभाग नेपालको भुभाग हो भनेर ।' लेखकले देशको लागि अहिले ठूलो अवसर प्राप्त भएको पनि सुनाए । उनले थपे,'अहिलेको सरकार अत्यन्तै बलियो छ । दुई तिहाईको सरकार छ । हिजोको बैठकबाट देशमा यो विषयमा सबै दलबीच एकमत धारणा बनेको छ । हामीले उच्च कुटनीतिक पहल गर्नुपर्छ भनेर आग्रह गरेका छौं ।' उनले सरकारलाई अवसरसँगै अग्निपरीक्षासमेत सुरु भएको सुनाए ।

उनले नेपालले आफ्नो भुभाग फिर्ता गराउनको लागि सम्पूर्ण कुटनीतिक र राजनीतिक शक्ति लगाउनुपर्ने धारणा राखे । उनले भने,'यो सरकारसँग ठूलो अभिभारा छ । सरकारलाई हामी जस्तोसुकै सहयोग गर्नपनि तयार छौं ।'

सत्तारुढ दल समाजवादी पार्टीका सह-अध्यक्ष तथा सांसद राजेन्द्र श्रेष्ठले नेपालको भू-भाग भारतीय नक्शामा पारेको कुरालाई आफ्नो पार्टीले विरोध गरेको स्पष्ट पारे । श्रेष्ठले प्रधानमन्त्री केपी शर्मा ओलीले हिजो डाकेको सर्वपक्षीय बैठकलाई आफूहरुले सकारात्मक रुपमा लिएको पनि सुनाए । आन्तरिक एकता बलियो बनाउन सकिएमात्रै बाहृय शक्तिसँग लड्न सकिने उनको भनाई छ ।

श्रेष्ठले यसको सिमाना विगतमा नै तय भएको सुनाउँदै भने,'कुन समयको लिने ? तीन सय वर्ष पुरानो एउटा सिमा होला, सुगौली सन्धिपछि अर्को सिमाना होला । सुगौली सन्धिसँगसँगै पत्राचार भएर १८६० मा जंगबहादुरको पालामा वर्तमान सिमाना कायम भएको हो । यस हिसाबले मेचीदेखि महाकालीसम्म, हिमालदेखि तराईसम्मको सिमाना नै हाम्रो हो ।'

उनले पश्चिमतर्फको सिमानामा महाकाली नदीको उद्गमस्थललाई नै मानेको अवस्थामा त्यसको उद्धगमस्थल चाहीँ लिम्पियाधुराबाट आएको कालीनदी भएको कुरा तथ्यसंगत भएको स्पष्ट पारे । उनले काली नदिको पूर्वपट्टिको लिपुलेक, कालापानीसबै नेपालको अभिन्न अंग भएको बताए । विगतमा भएका सहमति तथा आन्दोलनले पनि उक्त कुराको पुष्टि गरेको उनको भनाई छ ।

भारत र नेपालको बीचमा सिमानामा विवाद रहेको सुनाउँदै ती सबै विवाद कुटनीतिक तवरले हल गरिनुपर्ने पनि उनको सुझाव छ । उनले भने,'नेपाल-भारत प्रवुद्ध व्यक्ति ईपिजी बन्यो । त्यसको प्रतिवेदन पनि तयार छ । त्यो प्रतिवेदन नेपाल सरकारले तत्काल सार्वजनिक गर्नुपर्छ । सिमा विवाद, व्यापार तथा पारवाहन, १९५० को सन्धिको सन्दर्भमा त्यहाँ सबै कुरा उल्लेख गरिएका छन् ।'

सिमा विवाद समाधानको लागि हिजो प्रधानमन्त्री निवास बालुवाटारमा बसेको सर्वपक्षीय बैठकमा राष्ट्रिय सहमति बनेको र यसलाई आफूले सकारात्मक रुपमा लिएको श्रेष्ठको भनाई छ । उनले भने,'हिजोका दिनमा परराष्ट्र सचिवस्तरमा आयोग बने, तीनले समस्या समाधान गर्न सकेनन् । अब परराष्ट्रमन्त्रीस्तरमा वा प्रधानमन्त्रीस्तरमा जानको लागि हिजोको बैठकले सुझाव दिएको छ । प्रधानमन्त्री अब सोहीअनुसार अघि बढ्नुपर्छ । यो पार्टी वा त्यो पार्टी नभनीकन ।'

उनले नेपालको परराष्ट्, सुरक्षासम्बन्धी राष्ट्रिय एकतासहित अघि बढ्नको लागि उच्चस्तरीय रणनीतिक संयन्त्र बनाउनुपर्ने सुझाव दिए । उनले भने,'यहाँ चुनाव भयो भने सरकार बनाउनको लागि दिल्लीलाई तीर्थस्थल बनाउने र सरकार बनाउने वा ढाल्ने खेलमा भारतको सहयोग खोज्ने प्रवृत्ति रह्यो । यो नेपालमा गलत राजनीतकि चरित्र हो । हामी आफैंले निम्त्याएको हस्तक्षेप हो । यहाँका दलहरु नै सुधिनुपर्छ । बाहृय शक्तिसँग गुहार खोज्नुहुँदैन् । उच्चस्तरीय रणनीतिक विषयमा सर्वपक्षीय विद्वानहरु, परराष्ट्रविद, विज्ञ व्यक्तिहरु, नेताहरुको पनि सहभागिता हुनेगरि संयन्त्र निर्माण हुनुपर्छ । त्यो संयन्त्र सबैको लागि मार्गदर्शक हुनुपर्छ । यसो गर्न सकियो भने भविष्यमा पनि हाम्रो देशले परराष्ट सम्बन्धमा नयाँ आयाम थप्नेछ । प्रधानमन्त्रीले तत्काल वार्ता गर्नुपर्छ । गुमेको भूमी फिर्ता गर्नुपर्छ ।'

राजपा नेपालका अध्यक्ष मण्डलका सदस्य तथा सांसद महेन्द्र राय यादवले लिपुलेक, कालापानी नेपालकै भू-भाग भएकोले सरकारले फिर्ता गर्नको लागि पहलकदमी लिनुपर्ने बताए । उनले भने,'नेपालको ईतिहासमा हिजो बालुवाटारमा बसेको सर्वपक्षीय बैठकमा राष्ट्रिय सहमति बनेको छ । अहिले मुलुकमा बलियो सरका छ । सरकारलाई हिजोको सहमतिले ठूलो शक्ति प्रदान गरेको छ ।' विगत ७० वर्ष लामो समयदेखि सीमा विवादको समस्या रहेको सुनाउँदै अब वार्ता तथा कुटनीतिक माध्यमबाट यसको दिर्घकालिन रुपमा हल गरिनुपर्ने यादवको सुझाव छ ।

नेपालबाट विभिन्न समयमा भारत भ्रमण भएको सुनाउँदै तीन भ्रमणमा पनि सीमा विवाद समाधान हुन नसकेको उनले टिप्पणी गरे । परराष्ट्रसचिवको नेतृत्वमा बनेको दुई कमिटीले पनि विवाद समाधान गर्न नसकेको बताउँदै अब सरकारले यसको लागि ठोस कदम चाल्नुपर्ने उनको भनाई थियो । उनले प्राविधिक टोली, राजनीतिक र कुटनीतिक तीनै च्यानलमार्फत विवाद समाधानको लागि सरकारले पहल गर्नुपर्ने सुझाव दिए । 'नेपालको एक ईन्चपनि भूमी हामी छोड्दैनौं'-यादवले भने,'देशको भूमी रक्षाको लागि हामी एक ठाउँमा उभिएका छौं । यो सरकारले गम्भिरताका साथ आफ्नो कदम चाल्नुपर्छ ।'

## युथक्लब ...

वक्ताहरुमा संस्थाका भूपू अध्यक्ष एवं गै.स.स. महासंघका सल्लाहकार केशवराज रेग्मीले संस्थाको इतिहासदेखि वर्तमान सम्मको चित्रण प्रस्तुतीकरण गर्नु भएको थियो भने संस्थाको गतिविधिका बारेमा पूर्व उपाध्यक्ष रामचन्द्र आचार्यबाट स्लाइड प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रम भूपू अध्यक्षहरुलाई मायाको चिनो सहित दोसल्ला ओढाएर सम्मान गरिएको थियो । सोही क्रममा निवर्तमान कार्य समितिहरुलाई मायाको चिनो प्रदान गरिएको थियो । पुरानो कार्य समिति र नयाँ कार्य समितिबीच व्याज आदान प्रदान गरी पद हस्तान्तरण गरिएको थियो । सोही दिन शपथ पनि खुवाउने कार्य निर्वाचन समितिबाट शपथ ग्रहण गराइएको थियो ।

नयाँ कार्य समितिका अध्यक्ष बाबुराम श्रेष्ठलाई निवर्तमान अध्यक्ष भगवान कुमार जोशीबाट पदभार हस्तान्तरण गर्नु भयो । उक्त कार्यक्रमको सभापतित्व संस्थाका अध्यक्ष भगवान कुमार जोशीले गर्नुभएको थियो भने कार्यक्रम संचालन महासचिव शालिग्राम नेपालले गर्नुभएको थियो ।

एनएलजी घर सुरक्षा बीमा
सुरक्षा गरौं आफ्नो घरको, सुनिश्चित गरौं सुरक्षित बनौं
एनएलजी इन्स्योरेन्सको घर सुरक्षा बीमा लिई भुकम्प तथा आगलागी या अन्य कारणबस हुने जोखिमबाट घर र घरमा भएको सम्पतिलाई सुरक्षित बनाऔं



सबैको सुरक्षा, एनएलजीको ईच्छा
GPO Box: 20600, Panipokhari, Lazimpat, Kathmandu
Phone: 4418113, 4006625, Fax: 977-1-4416427
Toll Free No.1660-01-99099
email: info@nlgi.com.np, nlgi@mail.com.np
www. nlg.com.np
NLG
एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड
सबैको सुरक्षा, एनएलजीको ईच्छा

तपाइलाई कुनै फर्निचरका सामानहरु चाहिएको छ ?
हामीलाई सम्झनुहोस्
afn sGof kmlg{ / pBfU
मन्थली–१, रामेछाप
यहाँ फर्निचरका सम्पूर्ण सामाग्रीहरु पाइन्छ जस्तै: टेबल, कुर्सि, सोफाका साथै अफिस र पसलको सम्पूर्ण डेकोरेशन गरिन्छ । अर्डर अनुसारको घर तथा अफिसको सम्पूर्ण सामान उपलब्ध गराइन्छ ।
प्रो. खुम्ब बहादुर श्रेष्ठ
मोबाइलन नं.: ९८५४०४०२१२, ९८४४२६७२१२ ९८६४२३७२३५

जनआकाश मिडिया प्रा.लि.का लागि: प्रकाशक: द्रोणबहादुर बस्नेत, प्रधान सम्पादक, मोहन कार्की ९८६१५८८४५६, कम्प्युटर: जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१-४१६७५७८, E-mail: jana.news2065@gmail.com, मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस